मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**बिआरआई सम्झौतामा नबुझी टिप्पणी भइरहेको छः परराष्ट्रमन्त्री**



समाचार पृष्ठ ५ मा

वर्ष ३ • अंक २९ • २०८१ साल मंसिर २३ गते आइतबार • Sunday 08, December 2024 • सूर्योदयः बिहान ६:४२ बजे • सूर्यास्तः साँझ ५:१२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# गढीमाईमा आजबाट बली शुरु

**मधेशदृष्टि**
**बारा ।**
महागढीमाई नगरपालिका वडा नम्बर १ बरियापुरमा भइरहेको पञ्चवर्षीय गढीमाई मेलामा दिनदिनै भक्तजनको भीड बढ्दै गएको छ । शनिबार मध्यराति विशेष पूजापश्चात् आइतबार बिहान पञ्चबली र त्यसपछि राँगा बली शुरु हुने महागढीमाई मेला सञ्चालन तथा व्यवस्थापन मूल समितिले जनाएको छ ।

शनिबार मध्यरात अर्थात आइतबार सूर्योदयअघि नै विशेष पूजा हुनेछ भने त्यसपछि पञ्चबली दिइने र राँगा बली शुरु हुनेछ । सोमबार बोका बली दिइने तथा यसको सबै तयारी पूरा भएको मेला मूल समितिले जानकारी दिएको छ । दर्शन र विशेष पूजाका लागि छुट्टै व्यवस्था मिलाइएको समितिका अध्यक्ष एवम् महागढीमाई नगरपालिका मेयर उपेन्द्र प्रसाद यादवले बताए । पाँच वर्षमा एकपटक लाग्ने गढीमाई मेलामा दर्शनका लागि नेपाल र भारतका विभिन्न स्थानबाट दैनिक हजारौँको संख्यामा दर्शनार्थी र भक्तजन आइरहेको मेयर यादवले जानकारी दिए ।

हिन्दूहरुको शक्तिपिठका रुपमा स्थापित गढीमाई विशेषगरी बलीका लागि चर्चामा रहन्छ । यो मेला विश्वमा सबैभन्दा बढी बली दिइने धार्मिकस्थलका रुपमा परिचित छ । गढीमाई मेलाका अवसरमा नेपाल तथा भारतका लाखौँले दर्शन गर्ने भएकाले सुरक्षाका लागि नगरप्रहरीका साथै नेपाल प्रहरी र सशस्त्र प्रहरीसमेत खटाइएको मेयर यादवले जानकारी दिए । यसैगरी, दर्शनार्थीलाई सहयोगका लागि स्वयम्सेवक पनि खटिएका छन् ।

**सीमामा एसएसबीको अवरोध**

विश्वप्रसिद्ध महागढीमाई मन्दिरमा भाकल चढाउन ल्याइएका खसी, बोका, राँगा तथा अन्य पशुपक्षीलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले नियन्त्रणमा लिएको छ । बलीका लागि भारतका विभिन्न क्षेत्रबाट नेपाल प्रवेश गर्न खोजेका भक्तजनलाई एसएसबीले भारतीय भूभागमै रोकेको हो । एसएसबीले हालसम्म १ सय ४६ पशु र १५ परेवा नियन्त्रणमा लिएको छ ।

एसएसबीका अधिकारीहरूका अनुसार महागढीमाई मेला भएपछि ती पशुपक्षी छाडिनेछ । महागढीमाई मेला हेर्न र पूजाआजा गर्न भक्तजनलाई नेपाल प्रवेश गर्न अनुमति दिए पनि बलीका लागि पशुपंक्षी ल्याउन रोक लगाइएको छ । यो कदम भारतको सर्वोच्च अदालतको बलीप्रथा रोक्न जारी आदेशअनुसार चालेको बताइएको छ । महागढीमाई मेला धार्मिक र सांस्कृतिक दृष्टिकोणले विश्वकै ठूलो मेलामध्ये एक हो ।

परम्परागतरूपमा बलिप्रथा यस मेलाको एक हिस्सा रहँदै आएको भए पनि यसपटक भारतीय प्रशासनको कडाइका कारण बलीका लागि पशुपक्षीसहित नेपाल प्रवेशमा रोक लगाइएको हो ।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले तिर्थालुको सहजताका लागि नेपाल प्रवेशमा कुनै अवरोध नगर्न निर्देशन दिएको जानकारी दिए । नेपालतर्फ पर्सा र बाराका सीमा नाकामा कुनै किसिमको समस्या नभए पनि भारतीय सुरक्षाकर्मी एसएसबीले भने प्रवेश गर्न रोक लगाएपछि भारतले नेपालको यस धार्मिक परम्परामाथि प्रहार गरेको विश्लेषकहरुको बुझाइ छ ।

**४० लाखले दर्शन गरे**

गढीमाई मेला मूल व्यवस्थापन समितिका अनुसार मंसिर १ गतेदेखि शुरु भएको गढीमाई मेलामा मंसिर २२ गते शनिबार दिउँसोसम्म ४० लाख दर्शनार्थीले सहभागिता जनाएका छन् । गढीमाई मेला हुने विशेष पूजा नजिकिएसँगै मेलामा दर्शनार्थीको भिड बढेको मूल पुजारी शिव चौधरी बताउँछन् । बिहानैदेखि गढीमाई माताको दर्शन गर्न देशका विभिन्न जिल्लासहित विदेशबाट समेत लाखौँको संख्यामा भक्तजनहरू आएका छन् । अझ शनिबार सम्पूर्ण सरकारी कार्यालय, बैंक लगायतमा बिदा हुने भएकाले मेला घुम्न आउनेको संख्या उल्लेख्य छ ।

**आज सार्वजनिक बिदा**

बाराको महागढीमाई लागिरहेको एक महिने मेलाको अवसरमा मधेश प्रदेश सरकारले आज आइतबार अर्थात् मंसिर २३ गते सार्वजनिक बिदा दिएको छ । हरेक पाँच वर्षको अन्तरालमा बाराको गढीमाई नगरपालिकास्थित बरियारपुरमा पञ्चवर्षीय मेला लाग्ने गर्छ । मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयका सचिव उद्धव प्रसाद रिजालले सूचना जारी गर्दै गढीमाई मेलाका अवसरमा मंसिर २३ गते आइतबार मधेश प्रदेशभर सार्वजनिक बिदा दिएको जनाएका हुन् । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले गढीमाई मेलाको विशेष पूजा हुने दिन (मंसिर २३ गते) सार्वजनिक तथा सरकारी निकायका लागि बिदा दिने निर्णय गरेको हो ।

# विवाहपञ्चमी महामहोत्सवमा २० लाख सहभागी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सीताराम विवाहपञ्चमी महामहोत्सव सकिएको छ । जानकी मन्दिरकै प्राङ्गणमै बनाइएको विवाहमण्डपमा मांगलिक कार्य भएसँगै जन्तीलाई बिदाई गरेर यो वर्ष पञ्चवर्षीय विवाहपञ्चमी महामहोत्सव सकिएको हो ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले यसपटक विवाहपञ्चमी महामहोत्सवमा २० लाख दर्शनार्थी सहभागी भएका बताए । त्रेतायुगको झल्को दिने विवाहपञ्चमी महोत्सव हेर्न नेपाल, भारत र तेस्रो मुलुकबाट दर्शनार्थी जनकपुरधाम आएका थिए ।

यसपटक प्रत्येक ५ वर्षमा अयोध्याबाट आउने जन्ती पनि आएका थिए । अयोध्याबाट रामजन्म भूमि तीर्थ क्षेत्र ट्रष्टका महासचिव चम्पत राय, अयोध्याका प्रमुख गिरिशपति त्रिपाठी, विश्व हिन्दू परिषद् केन्द्रीय मन्त्री राजेन्द्र सिंह पङ्कज सहितका व्यक्ति जन्ती बनेर आएका थिए ।

जनकपुरधामस्थित जानकी मन्दिर प्राङ्गणमा वैवाहिक कार्यक्रम प्रत्येक वर्ष आयोजना हुनेगर्छ । वैवाहिक कार्यक्रमका लागि छोरीको बिहेका लागि जसरी मण्डप सजाइन्छ, ठीक त्यसरी नै रामजानकी विवाहका लागिसमेत मण्डप सजाइएको थियो । जनकपुरधामस्थित जानकी मन्दिरलाई मिथिला दरबारका रूपमा लिइन्छ भने राम मन्दिरलाई अयोध्या दरबारका रूपमा लिने गरिएको छ । जानकी मन्दिर तथा राम मन्दिरलाई बेहुली झैँ विवाहपञ्चमीका लागि सिङ्गारिन्छ ।

स्वयम्बरपछि दुवै मन्दिरको डोला शोभा यात्रा गर्दै जानकी मन्दिर पुग्छ, जहाँ वैवाहिक कार्यक्रम हुनेगर्छ । शुक्रबार राति वैवाहिक कार्यक्रम हुँदा महिलाहरू विवाहका गीत गाउने गर्छन् । विवाहपञ्चमीको सातौँ दिन भारतको अयोध्याबाट जन्तीका रूपमा आएका साधुसन्तलाई भोजन गराउँदै बिदाइ गरिन्छ । यसलाई रामकलेवा भनिन्छ । राम कलेवामा बेहुला पक्षबाट आएकालाई गाली गर्नेसमेत परम्परा छ । मन्दिरका पुजारी तथा मिथिलाका नारीहरू गीतकै माध्यमले गाली गर्ने गर्छन् । यसरी यो वर्षको विवाहपञ्चमी महामहोत्सव बिदा भएको छ ।



## रामकलेवासँगै जनकपुर सुनसान

साताव्यापी सीता–राम विवाह पञ्चमीको अन्तिम दिन शनिबार जानकी मन्दिरमा जन्तीलाई भोजन गराएर 'रामकलेवा' मनाइएको छ । रामकलेवासँगै जनकपुरको भिढभाडको माहौल सुनसानमा बदलिएको छ । श्रद्धालु भक्तजन धमाधम जनकपुरबाट बाहिरिएपछि सुनसानमा परिणत भएको हो ।

विवाहपछि मिथिलामा बेहुलालाई खिर, मिठाइलगायतका परिकार खुवाउने परम्परा छ । अयोध्याबाट जन्तीको रुपमा आएका साधुसन्त र भगवान श्रीराम लक्ष्मणसहित चारै भाइको प्रतीकको रुपमा सजिएका बालकलाई समेत खिर, मिठाईसहित विशेष भोजन गराइएको छ । जन्तीको रूपमा आएका साधुसन्तलाई भोजन गराएर दान र दक्षिणासहित सम्मानपूर्वक बिदाई गर्नुलाई 'रामकलेवा' भन्ने गरिन्छ ।

यस अवसरमा गीतनाद पनि चल्ने गर्छ । मिथिलाकी नारी र जनकपुरका साधुसन्त जन्तीबीच ख्यालठट्टा र मजाक हुने गर्छ । हास्यपरिहासको माहोलले जानकी मन्दिरको वातावरणलाई रोमाञ्चक बनाउने गर्छ । यो विधि हेर्न ठूलो संख्यामा श्रद्धालु उपस्थित थिए ।

जन्तीलाई भोजन खुवाएर कम्बल, माला जप्ने सानो ब्याग र एक सय रुपैयाँका दरले दक्षिणा दिएर बिदाई गरिने प्रचलन छ । त्रेता युगमा मंसिर शुक्ल पञ्चमीको तिथिमा भगवान श्रीराम र सीताबीच विवाह भएको सम्झनामा जानकी मन्दिरमा विवाहपञ्चमी महामहोत्सव मनाइन्छ । यसवर्ष श्रीराम जन्मभूमि भारतको अयोध्याबाट ५ सय जन्ती आएका थिए ।

# पैसा लिएर सांसद बनाउँछन् सिके राउत ?

*जनमत पार्टीले माननीय गोमा लाभ सापकोटालाई राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १८ लाई टेकी दलबाट निष्कासन गरी संघीय संसद् सदस्य पद नरहने गरी सूचना प्रकाशन गर्न निवेदन गरेकोमा निजले पद नै जाने प्रकृतिको कुनै काम गरेको नदेखिएको, दलबाट निष्काशन गरी संघीय संसद् सदस्यको पद नरहने प्रकृतिको अन्य कुनै कानुनले परिभाषित गरेको कसुर गरेको नदेखिएको, कारबाहीको सम्बन्धमा तयार गरिएका कागजपत्र विश्वसनीय नदेखिएकाले सभामुखले थप कारबाही अगाडि नबढाउने निर्णय गर्नुभएको छ ।* **–संसद सचिवालय**

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
डा. सिके राउत नेतृत्वको जनमत पार्टीले खस–आर्य समानुपातिक सूचीबाट सांसद बनाइएकी गोमा लाभ सापकोटालाई हटाउन खोज्दा पैसा लिएर सांसद बनाउने र हटाउने खेल बाहिर आएको छ ।

८ महिनाअघि देखि सापकोटा हटाउन खोज्दा जनमतको आन्तरिक विवाद बाहिर आएको हो । संघीय संसदमा सभामुख देवराज घिमिरेले सापकोटालाई सांसदबाट हटाउनुपर्ने उपयुक्त कारण र प्रमाण नपुगेको भन्दै राउतको प्रयासलाई विफल पारिदिएपछि जनमत र जनमत अध्यक्ष राउतको आलोचना हुन थालेको छ । सभामुख घिमिरेले त जनमतलाई संसदको जवाफ चित्त नबुझे अदालत जान पनि भनेपछि राउत अप्ठेरोमा परेका छन् ।

कात्तिक २८ गते सापकोटालाई हटाउने मागसहित जनमत अध्यक्ष राउत आफैँ पत्र लिएर सभामुखकहाँ पुगेका थिए । राउतले चौथो पत्र लिएर पुगेका बेला सापकोटालाई पार्टीको साधारण सदस्यबाट पनि निष्कासन गरेको पत्रसमेत बुझाइएको थियो । प्रवक्ता शरदसिंह यादवका अनुसार, तीन पटक गोमालाई हटाउने पत्र संसद् सचिवालयमा पठाइसकेका थिए, चौथोपटक आफैँ पुगेका हुन् ।





सापकोटालाई हटाउन नपर्ने भन्ने संसदको जवाफपछि जनमतले सभामुख घिमिरेको राजीनामासमेत मागेको थियो । जनमत पार्टीका प्रवक्ता यादव सभामुखले कानून र विधानअनुसार प्रक्रिया पुग्दा पनि सांसद सापकोटालाई हटाउन नचाहेको बताउँछन् । जनमतले सांसद गोमा लाभलाई हटाएर अरुलाई ल्याउन चाहेको बताइएको छ । गोमा लाभले ३२ लाख रुपैयाँ बुझाएर जनमतको सांसद पद पक्का गरेकी थिइन् । उनले जनमतलाई बुझाएको ३२ लाखको ऋण बैंकमा तिरिरहेको पाइएको छ ।

यतिमात्र होइन, जनमतले अर्का व्यक्तिलाई सांसद बनाउन पैसा लिइसकेकाले गोमालाई हटाउन चाहेको छ । सांसद गोमा आफूलाई पार्टीले सांसदबाट हटाउने उपयुक्त कारण नभएको बताउँछिन् । गोमा महोत्तरीबाट खस आर्य कोटामा समानुपातिक सांसद भएकी हुन् । उनी जनमत महोत्तरी महिला संघकी अध्यक्ष पनि थिइन् ।

# रासायनिक मलमा कालोबजारीले किसान मारमा

**मधेशदृष्टि**
**रौतहट ।**
रासायनिक मलमा कालोबजारी भएपछि किसान समस्यामा परेका छन् । गहुँको बीउ छर्न मलखाद् आवश्यक परेका बेला जिल्लाको ग्रामीण क्षेत्रका बजारमा युरिया र डिएपी मल कालोबजारी बढेको हो ।

माधवनारायण, गढीमाईलगायतका अधिकांश पालिकामा तोकिएको भन्दा बढी मूल्यमा रासायनिक मल बिक्री भइरहेको छ । ग्रामीण बजारका केही व्यापारीले एक हजार रुपैयाँ पर्ने युरिया मल १ हजार २ सय रुपैयाँदेखि १ हजार ४ सय रुपैयाँसम्ममा बिक्री गरिरहेको किसानले गुनासो गरे । त्यस्तै, २ हजार ५ सय रुपैयाँ पर्ने डिएपी ३ हजार ४ सय रुपैयाँदेखि ३ हजार ५ सय रुपैयाँसम्ममा बिक्री भइरहेको माधवनारायण नगरपालिका–६ का किसान किसुन राय यादवले बताए ।

किसानको मागअनुसार युरिया र डिएपी मल उपलब्ध हुनसकेको छैन तर कतिपय व्यापारीले लुकिछिपी कालोबजारी गरिरहेका कारण आफूहरू कठिनाइमा परेको किसान यादवले दुखेसो गरे । रासायनिक मलखाद अवस्थाबारे नियमनकारी निकाय वा जिल्ला प्रशासन कार्यालय रौतहटले बजार अनुगमन गरी कालोबजारी गर्ने व्यापारीलाई कारबाहीको दायरामा ल्याउनु पर्ने किसानहरूले बताए ।

गहुँ खेती गर्ने मुख्य सिजनमा पनि स्थानीय निकायले किसानलाई सहजरूपमा मल उपलब्ध गराउन चासो नलिएको किसानले गुनासो गरेका छन् । स्थानीय सरकारबाट कैयौँ सङ्घसंस्थाले किसानलाई सहजरूपमा मल उपलब्ध गराउन अनुदानमा लिएका छन् । तर अनुदानको मल किसानलाई नदिई बिचौलियासँग बिक्री गर्ने गरेको कटहरिया–१ का किसान रामबहादुर यादवको गुनासो छ ।

सरकारबाट विभिन्न कृषि सहकारी सङ्घ संस्थाले अनुदानमा पाएका मलखाद किसानलाई नदिई बढी मूल्यमा व्यापारीसँग बेच्ने गरेको उनको दाबी छ । व्यापारीहरूले चर्को मूल्यमा किसानलाई मलखाद बेच्ने गरेका कारण किसान निकै मारमा परेका छन् । रौतहटका सिडिओ हीरालाल रेग्मीले मल र दैनिक उपभोग्य बस्तुको सामानमा कालोबजारीबारे छानबिन गरेर गलत गरेको पाइए कारबाही हुने बताए ।

# नवनिर्वाचित वाडअध्यक्ष सपथग्रहण लगले पकड़ाएल

**सप्तरी ।**
डाक्रेश्वरी नगरपालिका वाड नं. १ क नवनिर्वाचित वाडअध्यक्ष सपथग्रहण लगले पकड़ाएल छैथ । सपथ ग्रहणबाद पदभार ग्रहण कार्यक्रममे सहभागी होबाक लेल पहुँचल धीरेन्द्र कुमार साहकेँ प्रहरीद्वारा नियन्त्रणमे लेल गेल अइछ । तीन साल पहिने सएह वाडक १९ वर्षिया एक युवतीक अपहरण, जबरजस्तीकरणी आ कर्तव्य जान घटनामे साहके सेहो संलग्नता रहल कहैत पीडित परिवारद्वारा प्रहरीमे उजुरी दर्ता कएल गेल छल । सएह अभियोगमे साह पकड़ाएल जिला प्रहरी कार्यालय सप्तरी जनौलक अइछ । इएह अगहन १६ गते सम्पन्न भेल उपनिर्वाचनमे साह जनता समाजवादी पार्टी (जसपा) नेपालक दिससँ निर्वाचित भेल छलैथ । प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडा नवनिर्वाचित वाडध्यक्ष साह उपर अपहरण तथा शरीर बन्धक, जबरजस्तीकरणी आ कर्तब्य ज्यान मुद्दामे अनुसन्धान प्रक्रिया शुरू भेल जानकारी देलैन । प्रहरीक अनुसार साह आ अन्य किछ प्रतिवादीविरुद्ध २०७९ साल साउन १७ गते अपहरण तथा शरीर बन्धक, जबरजस्तीकरणी आ कर्तव्य ज्यान लगायतके अपराध केने उजुरी दर्ता कएल गेल छै । साह सहितके व्यक्तिविरुद्ध २०७९ साल साउन १९ गते पीडित परिवारद्वारा इलाका प्रहरी कार्यालय कल्याणपुरमे जाहेरी देल गेल छल । तकर बाद साह भागल छलैथ ।
विसं २०८० साल जेठ १० गते जिला सरकारी वकिल कार्यालय सप्तरीमार्फत इलाका प्रहरी कार्यालय कल्याणपुरमे जाहेरी देल गेल छल । सङे गत साउन १४ गते सेहो इलाका प्रहरी कार्यालय कल्याणपुरमे ओइ मुद्दा दर्ता भेल आ गत साउन १५ गते साहसहितके प्रतिवादीविरुद्ध पकड़ाउ पूर्जी जारी भेल छल । प्रहरी खोजतलास क रहल आ पकड़ाएब से आकलन करैत साह वारेसमार्फत उम्मेदवारी दर्ता करौने छलैथ ।

# रास्वपाद्वारा पाँच जिलामे भेला

**काठमाण्डू ।**
राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) आइ पाँच जिलामे भेला आयोजन केलक अइछ ।
पार्टीक सङ्गठन निर्माणक क्रममे रास्वपा आइ कर्णाली, लुम्बिनी, गण्डकी आ बागमती प्रदेशक पाँचटा जिलामे भेला आयोजन क रहल उक्त पार्टीक कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटी जानकारी देलैन ।
हुनक अनुसार सल्यान, बाँके, नवलपुर, नुवाकोट आ भक्तपुरमे आयोजना भेल जिला भेलामे केन्द्रीय प्रतिनिधिक रुपमे केन्द्रीय नेतासभ समेत सहभागी होबाक कार्यक्रम अइछ । भेला पार्टीक संशोधित विधानक साङ्गठनिक संरचनाअनुसार जिला समिति गठन, सङ्गठन निर्माण, अइसँ पहिने जिला समिति संरचना रहल जिलामे खाली पदसभके पदपूर्ति करत से हुनक कहब छैन ।
तहिना, जिलाभितरके निर्वाचन क्षेत्र, पालिका, वाड सङ्गठन निर्माणसम्बन्धी कार्ययोजनाउपर बातचितके लेल जिला भेला आयोजन कएल गेल कार्यवाहक महामन्त्री बुर्लाकोटी जानकारी देलैन ।
ओ पार्टीक केन्द्रीय सङ्गठन विभाग, प्रदेश सङ्गठन विभाग आ जिला सभापतिके समन्वयमे जिला भेलाके आवश्यक तैयारी मिति निर्धारण करब आ जिला भेला आयोजन करबाक काज भ रहल बतौलैन ।
रास्वपा अइसँ पहिने देशभैरक २३ जिलामे जिला भेला सम्पन्न क चुकल अइछ ।

# उड्डयन सुरक्षाक लेल सरकार प्रतिबद्ध छै’

**काठमाण्डू ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे उड्डयन क्षेत्रक सुरक्षा लेल सरकार प्रतिबद्ध रहल बतौलैन अइछ ।
अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवसके अवसरमे आइ एत आयोजित कार्यक्रममे ओ सुरक्षित आकाश सरकारके पहिल प्राथमिकता भेल बतौलैन । ओ उड़ान सुरक्षित बनेबाक लेल नियमन निकायकेँ निरन्तर सचेत कराएल गेल जानकारी दैत हवाइ दुर्घटनासम्बन्धी अनुसन्धानक लेल स्थायी आयोग गठनके प्रक्रिया प्रारम्भ भेल बतौलैन ।
अइ साल ‘टिकाउ भविष्यः अगिला ८० वर्षक लेल सङे’ नाराके साथ अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवस मनाएल जा रहल अइछ ।




# जनकपुरधाममे विवाहपञ्चमी महामहोत्सव
## २० लाखसँ बेसी दर्शनार्थी सहभागी

**धनुषा ।**
श्री सीताराम विवाहपञ्चमी महोत्सवक लेल जानकी मन्दिरक प्राङ्गणमे विवाहमण्डप बनाएल गेल अइछ। जानकी मन्दिरक प्राङ्गणमे वैवाहिक कार्यक्रमक समय हजारों श्रद्धालुके सहभागिता रहल ।
जानकी मन्दिरक उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवक अनुसार एखन विवाहपञ्चमी महामहोत्सवमे करीब २० लाखसँ बेसी दर्शनार्थीसभ सहभागी भेलैथ । त्रेतायुगक झलक देखबाक लेल नेपाल, भारत आ तेसर देशसँ हजारों दर्शनार्थी जनकपुरधाम आएल छैथ ।
एखन प्रत्येक ५ वर्षमे अयोध्यासँ आइब रहल बरियाती सेहो आएल अइछ । अयोध्यासँ रामजन्म भूमि तीर्थ क्षेत्र ट्रस्टक महासचिव चम्पत राय, अयोध्याके प्रमुख गिरिशपति त्रिपाठी, विश्व हिन्दू परिषद् केन्द्रीय मन्त्री राजेन्द्र सिंह पङ्कज समेत कतेको व्यक्ति बरियातीमे आएल अइछ ।
जनकपुरधाम स्थित जानकी मन्दिरक प्राङ्गणमे हर साल वैवाहिक कार्यक्रम होइत अइछ। वैवाहिक कार्यक्रमक लेल बेटीक बिआहक लेल जेना मण्डप सजायल जाइत छै, ठीक तहिना रामजानकी विआहक लेल सेहो मण्डप सजायल गेल अइछ ।
जनकपुरधाम स्थित जानकी मन्दिरकेँ मिथिला दरबारक रूपमे मानल जाइत अइछ, आ राम मन्दिरकेँ अयोध्या दरबारक रूपमें । जानकी मन्दिर आ राम मन्दिरकेँ कनियाँ जेकाँ विवाहपञ्चमीक लेल सिङ्गारल गेल अइछ ।



जानकी मन्दिरक महन्त रामतपेश्वर दास वैष्णव कहब छैन जे ओ बेटीके विवाह आयोजन जकाँ अनुभव करैत छैथ ।
महन्त दासक अनुसार विवाहमे हुनक सीताक पिता राजा जनकक भूमिका होइत छैन । राम मन्दिरक महन्त बाबा राम गिरि सेहो राजा दशरथक भूमिका निर्वाह करबाक लेल कोनो कसर नै छोड़ैत छैथ । ओ कहलैन, ‘सीताजी जेकाँ दुलहिन भेटलापर हर्ष विभोर होएब स्वाभाविक अइछ ।’
त्रेतायुगमे अयोध्यानरेश दशरथक पुत्र मर्यादा पुरुषोत्तम भगवान श्री राम आ मिथिलाक शिरध्वज राजर्षि जनकक पुत्री माता जानकीक विवाह भेल छल । मधेश प्रदेशक मुख्यमन्त्री सतिशकुमार सिँह कहैत छैथ जे विवाहपञ्चमी महोत्सवक धार्मिकता, पौराणिकता आ सांस्कृतिक विशेषताकेँ अक्षुण्ण राखबाक लेल एहिप्रतिक आस्था महत्वपूर्ण छियै । ओ कहलाह जे विवाहपञ्चमीक दिन एघार या एक्काइस टा दीपक जराओल जाइत छै, जे जनकपुरधामक घरघरमे विवाहक प्रति श्रद्धा आ अनुष्ठान परम्पराकेँ भव्य बनाबैत अइछ ।
मेलाक देखबा लेल उत्तर प्रदेश राज्यक बोकड़ा घर राहतस्वरूप ५८ वर्षीय भोला यादव कहलैन, ‘जनकपुरधामक नाम सुनल छल, मुदा एखन एहि ठाम आइब क देखलौँ, जेकरा तुलना करब ताहिसँ बेसी सुन्दर आ मन प्रसन्न करैवला अइछ ।’
राम मन्दिरक महन्त राम गिरिक अनुसार समधि मिलन कार्यक्रममे जानकी मन्दिरक महन्त, पुजारी आ राम मन्दिरक महन्त, गुठी संस्थानक प्रतिनिधि आ स्थानीय युवा क्लबक सदस्य भाग लैत छैथ ।

# एक महिना भितरे एआइ नीति आनबः सञ्चारमन्त्री

**काभ्रेपलाञ्चोक ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ आब जल्दिए आर्टिफिसिएल इन्टिलिजेन्स् (एआइ) नीति अनबाके बात बतौलैन अइछ । ओ काठमाण्डू विश्वविद्यालयक कम्प्युटर क्लबद्वारा आइ धुलिखेलमे आयोजित ‘आइटी मिट–२०२४’क उद्घाटन करैत एक महिनाभितर एआईक नीति आइन आवश्यक कानुन बनेबाक पक्षमे सरकार क्रियाशील रहल बतौलैन ।



‘एआइके कानुनसँ सूचना प्रविधिमार्फत आओर कार्यक्रम आनल जा सकै छै, ताहि लेल मन्त्रालयमे गृहकार्य भ रहल अइछ,’ सरकारक प्रवक्तासमेत रहल मन्त्री गुरुङ कहलैन । नेपाल आइटीक दशकमे प्रवेश कएल भेलोपर एहिसँ एखनधैर उल्लेख्य फाइदा लेल नै भेल चर्चा करैत ओ विषयविज्ञसभसङ बातचित तथा अन्तरक्रिया क आवश्यक नियम कानुन बना क देशकेँ ‘आइटी हब’ के रुपमे विकाश करबाक प्रतिबद्धता व्यक्त केलैन ।
ओ कहलैन, ‘एआईके जमाना आइब गेलै, एखनधैर नेपालक सब सरकारी संयन्त्रमे ई–गभर्नेन्स शुरू भ चुकल होबाक चाहै छलै मुदा तेना नै भ सकल, डिटिजल नेपाल फ्रेमवर्कके लेल सेहो एआईसम्बन्धी कानुन यथाशक्य जल्दी तैयार क कार्यान्वयनमे जाएब ।’
ओ आवश्यक नियम, कानुनसहित ई–गभर्नेन्स कार्यान्वयन भेलाक बाद देशक तीनू तहके सरकारक नीति तथा कार्यक्रम, योजना आ बजेट व्यवस्थापन प्रक्रिया सहज भ अपेक्षित परिणाम प्राप्त होबाक धारणा व्यक्त करैत तकर पक्षमे वर्तमान सरकार क्रियाशील रहल बतौलैन ।
सञ्चारमन्त्री गुरुङ आइटी क्षेत्रक विकास एवं विस्तार क तकर उद्योग तथा उत्पादनमूलक क्षेत्रमे जोडैत देश आ जनताकेँ लाभान्वित करबाक पक्षमे क्रियाशील रहल सरकारकेँ अपन क्षेत्रसँ सहयोग करबाक लेल विषय विज्ञसभके ध्यानाकर्षण केलैन ।
कार्यक्रममे काठमाण्डू विश्वविद्यालयक स्कुल अफ इञ्जिनियरिङक डिन मनिष पोखरेल सूचना प्रविधिक क्षेत्रमे भेल विकाश तथा देशभैरक प्रविधिमैत्री युवाकेँ एकत्रित क नयाँ अवसर आ प्रेरणा प्रदान करबाक सोचक साथ ‘आइटी मिट–२०२४’ आयोजना कएल गेल बतौलैन । दू दिनधैर चलैबला कार्यक्रममे कोडिङ प्रतियोगिता, परियोजना प्रदर्शनी, गेमिङ इभेन्टस्, गुगलिङ प्रतियोगिता, केयुबिङ प्रतियोगिताजकाँ विविध गतिविधि सञ्चालन होबाक विश्वविद्यालय जनौलक अइछ ।

# पत्रकार महासङ्घके अध्यक्षक लेल पाँचगोटेके उम्मेदवारी दर्ता

**काठमाण्डू ।**
इएह अगहन २८ गते होबएबला नेपाल पत्रकार महासङ्घक अध्यक्ष पदके लेल पाँचगोटे उम्मेदवारी देलैन अइछ । सूचीअनुसार अध्यक्षक लेल कमल गिरी, देवीप्रसाद सापकोटा, निर्मला शर्मा, रमेश बिष्ट आ लालसिंह (एलएस) लामाक उम्मेदवारी दर्ता भेल अइछ ।
गिरी प्रेस सेन्टर नेपाल नेतृत्वक संयुक्त प्यानलसँ उम्मेदवारी देने छैथ तँ शर्मा प्रेस चौतारीसहित प्यानलसँ उम्मेदवारी देने छैथ । तहिना, बिष्ट स्वतन्त्र उम्मेदवारी देने छैथ । तहिना, वरिष्ठ उपाध्यक्षमे गोविन्दप्रसाद चौलागाईं, दामोदरप्रसाद दवाडी, दीपक आचार्य आ रोशन पुरीसहित चाइरगोटेके उम्मेदवारी अइछ ।
उपाध्यक्ष महिलामे गङ्गा पौडेल आ नितु पण्डितक उम्मेदवारी दर्ता भेल अइछ । बराल प्रेस सेन्टर नेतृत्वक प्यानलक उम्मेदवार छैथ त पण्डित चौतारी नेतृत्व प्यानलक उम्मेदवार छैथ । त्तहिना, महासचिवमे जन्मदेव जैसी, प्रकाश थापा, रामप्रसाद दाहाल लेखनाथ न्यौपानेक उम्मेदवारी दर्ता कएल गेल अइछ । जाहिमे दाहाल चौतारी नेतृत्वके प्यानलसँ उम्मेदवार छैथ त न्यौपाने सेन्टर नेतृत्वके प्यानलक उम्मेदवार छैथ । ५२ सदस्यीय केन्द्रीय कार्यसमितिक लेल एक सओ ३३ गोटेके उम्मेदवारी दर्ता भेल अइछ । महासङ्घके निर्वाचन कार्यतालिकाअनुसार शुक्रदिन भोर १० सँ साँझ ५ बजेधैर मनोनयन दर्ता करबाक समयसीमा निर्धारित कएल गेल छल । ओइ समयसीमाभित्र ४७ पदके लेल एक सओ ३३ गोटेके उम्मेदवारी दर्ता भेल अइछ ।

# विद्यार्थीकेँ आयआर्जन लेल स्ट्रबेरी खेती

**गोरखा ।**
गोरखाके पालुङटार नगरपालिका–९, सेरास्थित त्रिवेणी माध्यमिक विद्यालय विद्यार्थीकेँ आयआर्जन करेबाक लेल स्ट्रबेरी खेती शुरूआत केलक अइछ । विद्यालय कृषि ज्ञानकेन्द्र गोरखाके सहयोगमे स्ट्रबेरी खेती करबाक लेल शुरू कएने प्रधानाध्यापक गणेशराज सेडाई जानकारी देलैन ।
‘अइ साल परीक्षणके रुपमे एखन एक रोपनी क्षेत्रफल जमिनमे स्ट्रबेरी खेती शुरू कएल गेल अइछ,’ ओ कहलैन, ‘उक्त जमिनमे करिब छ सओ गाइछ रोपने छी, अइसँ बढिया उत्पादन हएत त आओर जमिनमे स्ट्रबेरी खेती करबाक योजना विद्यालयके अइछ ।’ विद्यालयमे कक्षा ९ सँ १२ धैरके कृषि धारके विद्यार्थी स्ट्रबेरीखेती करबाक काजमे लागल हुनक कहब छैन ।
‘उत्पादनबाद बिक्री भेल आम्दानीके ६० प्रतिशत विद्यार्थीकेँ उपलब्ध करेबाक विद्यालय निर्णय केलक अइछ,’ प्रधानाध्यापक सेडाई कहलैन, ‘परीक्षण सफल भेलापर अगिला साल १० रोपनी क्षेत्रफल जमिनमे स्ट्रबेरीखेती करबाक योजना विद्यालयक अइछ ।’ स्थानीयस्तरमे एखनधैर अन्यत्र स्ट्रबेरी खेती सेहो नै भेल आ बजारमे दाम सेहो नीक भेलासँ विद्यालय स्ट्रबेरीखेतीकेँ प्राथमिकता देलक हुनक कहब छैन ।
विद्यालय कृषि धारमे अध्ययनरत विद्यार्थीकेँ उत्पादनमे लगेबाक लेल करिब १० रोपनी खेत आ आठ रोपनी पाखाबारी भाड़ामे ल धान, मकैँलगायत बेमौसमी तरकारीखेती सेहो करैत आएल अइछ । कृषिखेतीसँ विद्यार्थीकेँ किताबकापी खर्च, जलखै तथा कपड़ामे सहज होइत आएल अइछ ।

# मधेश प्रदेशमा धान उत्पादन बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेस प्रदेशमा चालू आर्थिक वर्षमा १५ लाख दुई हजार चार सय ५८ मेट्रिकटन धान उत्पादन भएको छ । गएको आर्थिक वर्षमा १२ लाख ९६ हजार ८ सय ७ मेट्रिकटन धान उत्पादन भएको थियो ।



अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा दुई लाख पाँच हजार दुई सय ५१ मेट्रिकटन धान उत्पादन धेरै भएको कृषि प्रसार अधिकृत रोशनकुमार मेहताले बताए । यस वर्ष मधेश प्रदेशमा धानको उत्पादन बढ्नुमा बेलैमा मनसुन हुनु, रोपाइँको क्षेत्रफल बढ्नु, मल र बीउ पनि सहज उपलब्ध हुनुलाई मुख्य कारण मानिएको छ ।

रोपाइँ र त्यसपछिको समयमा पानी परेको थियो भने मल र बीउ समयमा नै उपलब्ध भएकाले उत्पादन बढेको कृषि प्रसार अधिकृत मेहताको भनाइ छ । गएको वर्षको तुलनामा यस वर्ष पाँच हजार दुई सय हेक्टर बढी जमिनमा धानखेती गरिएको थियो ।



गएको वर्ष प्रतिहेक्टर तीन दशमलव ५० मेट्रिकटन धान उत्पादन भएको थियो भने चालू वर्ष प्रतिहेक्टर चार मेट्रिक टन धान उत्पादन भएको छ । मधेश प्रदेशमा सबैभन्दा धेरै सप्तरीमा तथा सबैभन्दा कम रौतहटमा उत्पादन भएको छ ।

सप्तरीमा दुई लाख ६१ हजार एक सय २० मेट्रिकटन र रौतहटमा एक लाख ५० हजार चार सय ८० मेट्रिकटन धान उत्पादन भएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धानको खरिद प्रक्रियासमेत शुरु गरेको जनाएको छ ।

### सरकारले तोकेभन्दा कम समर्थन मूल्यमा धान बेच्दै किसान

महोत्तरी पिपरा गाउँपालिका–६ रतौलीका किसान महादेव साहले अहिले स्थानीय व्यापारीलाई धान बेच्न सुरु गरिसकेका छन् । असोज अन्तिम र कात्तिकको पहिलो साता धान भित्र्याएका उनले धमाधम बेच्न थालेका हुन् ।

‘घरमै मिलवाला, व्यापारी आएपछि अहिले धान बेचिरहेको छु ।

व्यापारीले धानको जात अनुसार भाउ लगाउँछन्,’ साह भन्छन् । उनले औसत प्रतिक्विन्टल २ हजार ५ सय रुपैयाँमा धान बेचिरहेको बताए । सरकारले तोकेको मूल्य नै थाहा नभएको उनको भनाइ छ । ‘खोइ, सरकारले कसका लागि तोकेको छ, हामीलाई थाहा पनि छैन । हामीसँग व्यापारीले बार्गेनिङ गरेर किन्ने हो,’ उनले भने । साहको यो पटक उत्पादन पनि पहिलेभन्दा कम भयो । ‘एक त बाढीले बिगा¥यो, सुरुमा पनि भनेको मलखाद (मल) पाइएन ।

यसपालि धानले राम्रो प्रतिफल आउँदैन होला,’ साह भन्छन् । उनीमात्र होइन, बाराका सुरेन्द्र जैसवाल पनि यो पटक चिन्तित छन् । ‘सरकारले तोकेको मूल्य किसानलाई थाहा हुँदैन, हामीले त यहाँ (घरखेत) मा आएका व्यापारीमध्ये जसले धेरै दिन्छ, त्यसलाई दिने हो,’ उनी भन्छन् । पहिले–पहिले खाद्यको गोदाममा बेचेको सम्झिँदै उनी भन्छन्, ‘गोदाममा बेच्न व्यापारीलाई भन्दा धेरै झ्याउ छ, त्यहाँ मूल्य धेरै आए पनि बेचेर पैसा लिन गाह्रो छ ।’

### कति छ सरकारले तोकेको मूल्य ?

सरकारले २० असारमा धानको न्यूनतम समर्थन मूल्य तोकेको थियो । मन्त्रिपरिषद् बैठकले प्रतिक्विन्टल ३ हजार ४ सय १० रुपैयाँ ५१ पैसा निर्धारण गरेको थियो । आर्थिक वर्ष २०८१÷८२ का लागि मोटा धान प्रतिक्विन्टल ३ हजार ४ सय १० रुपैयाँ ५१ पैसा र मध्यम धानको ३ हजार ५ सय ८० रुपैयाँ ६२ पैसा तोक्ने निर्णय गरेको छ ।

सरकारले तोकेको मूल्य टेकेर खाद्य व्यवस्था तथा व्यापार कम्पनीले धान खरिद गर्ने मूल्य तोक्दै किन्ने तयारीमा छ । बिर्तामोडस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले ५० हजार क्विन्टल धान खरिद गर्ने तयारी गरेको छ । बिर्तामोड कार्यालय प्रमुख चुलमाया लोवाका अनुसार यो वर्ष प्रतिक्विन्टल ३ हजार ५ सय ८० रुपैयाँ मूल्य तोकेर किन्न लागिएको हो । यो वर्ष पहिलो चरणमा १५ हजार क्विन्टल धान किन्ने तयारी छ ।

यस्तै कम्पनीको वीरगंज शाखाले धान खरिद गर्न यही साताबाट शुरु गर्ने जनाएको छ । कम्पनीका अनुसार दुई थरी धानको मूल्य तोकेर खरिद गर्न लागिएको हो । जिरा मसिनो धान प्रतिक्विन्टल ४ हजार र सोना मन्सुली ३ हजार ५ सय ८० रुपैयाँमा किन्न लागिएको हो । त्यस्तै वीरगंज कार्यालयले यसपालि ४२ हजार क्विन्टल धान खरिदको कोटा पाएको छ । जसमा ३२ हजार क्विन्टल सोना मन्सुली र १० हजार क्विन्टल जिरा मसिनो धान खरिद गरिने छ । बिर्तामोड र वीरगंज शाखा बाहेक अन्य कार्यालयलले पनि धान खरिद गर्ने तयारी गरिरहेका छन् ।

### उत्पादन घट्ने अनुमान

प्रविधि प्रयोग, समयमै भएको वर्षा र रासायनिक मल उपलब्धताले यो वर्ष धान उत्पादन बढ्ने आकलन थियो । तर, असोज दोस्रो साता आएको अविरल वर्षाले उक्त अनुमानको उल्टो उत्पादन घट्ने देखिएको छ । कुल रोपाइँ हुने क्षेत्रफलको लगभग ९९ प्रतिशत रोपाइँ भएको यो वर्ष धान उत्पादन बढ्ने अनुमान थियो । ‘चालु आर्थिक वर्ष धान उत्पादन बढ्ने आकलन गरिए पनि असोज दोस्रो साता आएको बाढीले ठूलो असर पुग्दा त्यो अनुमान नमिल्ने देखियो,’ कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता डा. हरिबहादुर केसी भन्छन्, ‘पहाडमा धान खेतमा पहिरो र तराईमा डुबान र बाढीले असर परेको छ ।’

### बढेको थियो रोपाइँ

कृषि मन्त्रालयका अनुसार १३ लाख ९० हजार ९५ हेक्टर रोपाइँ हुने क्षेत्रमध्ये करिब १३ लाख ८० हेक्टरमा रोपाइँ भएको थियो । गत वर्षभन्दा यो वर्ष ६–७ प्रतिशतले रोपाइँ बढेको थियो । रोपाइँ बढेपछि मन्त्रालयले धान उत्पादन बढ्न सक्ने आकलन गरेको थियो । गत वर्ष धान सिजन सुरुवातमै पानी र मलको समस्या थियो । त्यसले राम्रो नभए पनि यो पटक उत्पादन राम्रो हुने कृषि मन्त्रालयको अनुमान थियो । कृषि विभागका अनुसार उत्पादन पनि पछिल्लो समय बढ्दै थियो ।

गत आव धान उत्पादन अघिल्लो आव २०७९/८० भन्दा ४.३३ प्रतिशतले वृद्धि भएको थियो । गत आव ५७ लाख २४ हजार २ सय ३४ टन धान उत्पादन भएको थियो, जुन चार वर्षको औसत उत्पादन तुलनामा ५.०८ प्रतिशतले बढी हो । धानबालीको औसत उत्पादकत्व अघिल्लो आवको तुलनामा ४.९७ प्रतिशतले वृद्धि भएर प्रतिहेक्टर ३.९८ टन पुगेको थियो । जुन चार वर्षको औसत उत्पादकत्व भन्दा ६.९२ प्रतिशत बढी हो ।

### सबैभन्दा धेरै क्षति धानमा

असोज दोस्रो साता आएको बाढी–पहिरोका कारण चालु आव धान उत्पादन घट्ने देखिन्छ । बाढी–पहिरोले किसानलाई प्रत्यक्ष असर पुग्यो नै, बढ्न लागेको धान उत्पादनमा पनि नराम्रो असर पार्यो । भीषण वर्षाले मुलुकको कृषि क्षेत्रमा करिब ६ अर्ब रुपैयाँभन्दा बढीको क्षति पुगेको प्रारम्भिक तथ्यांक सार्वजनिक भइसकेको छ ।

कृषि मन्त्रालयले संकलन गरेको विवरण अनुसार बाली, पशुपन्छी धन, माछा लगायतमा ६ अर्ब बढीको क्षति देखिएको हो । बाढीले ५८ हजार ४ सय ७६ हेक्टर धानबाली नष्ट भएको छ । बाढी–पहिरोले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपुर, बागलुङ, खोटाङ, झापा, कैलाली, लमजुङ, पर्वत, कास्की, स्याङ्जा, सिन्धुली, मकवानपुर र काभ्रेमा गरी ३ अर्ब ५० करोड रुपैयाँ बराबर क्षति भएको छ ।

### कति चाहिन्छ धान ?

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार नेपालमा वार्षिक करिब ७० लाख टन धान आवश्यक पर्छ । जसमध्ये नेपालको आफ्नै उत्पादन ५४ लाख टन मात्रै हो । त्यस्तै वर्षको ४८ लाख टन चामल चाहिन्छ । जसमा ३० लाख टन भात खानमात्र चाहिन्छ । अन्य उत्पादन चिउरा, चामलको पिठोबाट बन्ने परिकारका लागि पनि खपत हुन्छ । तर, यो पटक पनि नेपालमा धान उत्पादन घटदा भारतबाट चामल आयात धेरै हुने देखिएको छ । रासस

# परवानीपुरमा निःशुल्क लोकसेवा कक्षा सञ्चालन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २१ परवानीपुरमा निःशुल्क लोकसेवा कक्षा सञ्चालन गरिएको छ । वडाका युवालाई लक्षित गर्दै वडा स्तरीय बजेटबाट शुभारम्भ भएको लोकसेवा कक्षाको वडा अध्यक्ष राधाकृष्ण रौनियारले उद्घाटन गरे । कक्षाको उद्घाटन गर्दै वडाअध्यक्ष रौनियारले मन लगाएर लगावका साथ तयारीमा जुट्न युवाहरुलाई आग्रह गरे । सरकारी सेवाप्रति युवाको आकर्षण र न्यून आर्थिक अवस्थाका कारण तयारी कक्षामा जान नसक्नेहरुलाई मध्यनजर गर्दै कक्षा सञ्चालन गरिएको वडाअध्यक्ष रौनियारले बताए । खरिदार, नायब सुब्बा, प्रहरी सेवा, शिक्षक सेवा, बैंकिङ सेवा लगायतका संकायको अध्ययन गराइनेछ । जसमा अहिले ३५ जना वडाका युवाहरु कक्षामा सहभागी रहेको वडा सचिव सेफुला अंसारीले जानकारी दिए । कार्यक्रममा स्थानीय राजन ताराचन्द, जवाहिर महतो लगायतको उपस्थिति रहेको थियो ।

# मोटरसाइकल दुर्घटनामा श्रीमानको मृत्यु, श्रीमति घाइते

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको थुमौनामा मोटरसाइकल दुर्घटना हुँदा श्रीमानको मृत्यु भएको छ भने श्रीमति समान्य घाइते भएकी छन् । धनुषाधाम सडक खण्ड अन्तर्गत थुमौनामा शुक्रबार साँझ दुई मोटरसाइकल आपसमा ठोकिएर दुर्घटना भएको थियो । दुर्घटनामा सबैला नगरपालिका २ बस्ने करिब ४५ वर्षीय रामनारायण साहको मृत्यु भएको हो । उनकी श्रीमति उषा घाइते भएकी छन् । टाउकोमा चोट लागेको उषाको जनकपुर प्रादेशिक अस्पतालमा उपचारपछि घर लगिएको छ । मृतक साह सबैला उद्योग वाणिज्य संघको सदस्य तथा सबैलामै व्यवसाय सञ्चालन गरेका गोकुल हार्डवेयरका सञ्चालक हुन् । जनकपुरधामबाट रामजानकी विवाह महोत्सवमा सहभागी भएर घर फर्किने क्रममा साह सवार ज ८ प ३४७७ नम्बरको मोटरसाइकललाई विपरित दिशाबाट आउँदै गरेको ज ११ प ६८५६ नम्बरको मोटरसाइकलले ठक्कर दिएको प्रहरीले जनाएको छ । साहलाई ठक्कर दिने सबैला नगरपालिका १ बस्ने १८ वर्षीय सिदार्थ साह पक्राउ परेका छन् । उनलाई सवारी ऐन बमोजिम कारबाही हुने प्रहरीले जनाएको छ ।

# निजगढमा ८० जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको निजगढ नगरपालिकामा ८० जनाले रक्तदान गरेका छन् । नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघ(नेविसंघ) निजगढ नगर समितिले आयोजना गरेको रक्तदानमा ८० जनाले रक्तदान गरेका हुन् । निजगढको शहिद चोकमा भएको रक्तदानमा १० जना महिला सहित ८० जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेहरुमा शर्मिला बिक, सन्ध्या रिजाल, संगीता रिमल, संगीता गुरुङ, सुमित्रा खड्का, मनिषा अधिकारी, बिमला खनाल लगायत रहेका छन् । नेविसंघ निजगढ नगर सभापति इश्वर सापकोटाको अध्यक्षतामा रक्तदान कार्यक्रम सम्पन्न भएको हो । रक्तदानमा रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जितेन्द्र कुश्वाहाको नेतृत्वमा रहेको प्राविधिक टोलीले प्राविधिक सहयोग गरेका थिए ।

# प्रसौनी निशुल्क आँखा शिविर सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको विन्दवासिनी गाउँपालिका वडा नं ५ प्रसौनी भाठ्ठा स्थित श्री मसरुर पब्लिक विद्यालयको प्राङ्गणमा एक दिवसीय आँखा शिविर सम्पन्न भएको छ । ‘प्रेम सबैलाई गर कसैलाई घृणा नगर’ भन्ने मुल नाराका साथ शनिबार आयाँ शिविर सम्पन्न भएको छ । केडिया आँखा अस्पतालको प्रविधि सहयोगमा र स्थानीय आयोजक अहमदिया संघ नेपालको आयोजनामा शिविर सम्पन्न भएको हो ।




शिविरमा ४५२ जनाको आखाँ जाँच गरिएको थियो । जस्मा १५० जनामा मोतियाबिन्दु देखिएको छ । मोतियाबिन्दुको बिरामीको अप्रेसन परवानीपुर केडिया आँखा अस्पतालमा हुने आयोजकले जनाएको छ । शिविरमा केडिया आँखा अस्पतालका प्रविधिक डक्टर डा अम्बिका साह, व्यास महतो, कैशल कुमार कर्णले बिरामी चेकजाँच गरेका थिए । शिविर पूर्व प्रदेश सभा सदस्य प्रह्लाद गिरीको मुख्य आतिथ्यमा सम्पन्न भएको हो । विशिष्ट अतिथि विन्दवासिनी गाउँपालिका वडा नं ५ का वडा अध्यक्ष मोहन राउत अहिर, केडिया आँखा अस्पतालका डा. राज किशोर साह रहेका थिए । शिविरमा चेकजाँच गर्दा मोतियाबिन्दुको बिरामी केडिया आखाँ अस्पतालमा निःशुल्क अप्रेसन हुने आयोजक संस्थाका प्रतिनिधि बारा पर्सा इन्चार्ज हासिम अहमदले बताए ।

सम्पादकीय

# जनप्रतिनिधिहरुको अपराधकर्म

*सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नम्बर १ का नवनिर्वाचित वडाअध्यक्ष धीरेन्द्र कुमार साह शपथग्रहण् समारोहबाटै पक्राउ परे । शपथ ग्रहणबाद पदभार ग्रहण कार्यक्रममा सहभागी हुनेक्रममा उनी प्रहरीको नियन्त्रणमा पुगे । वडा कार्यालय नपुग्दै उनको हिरासत यात्रा आरम्भ भयो । उनलाई ३ वर्ष पहिला १९ वर्षीया युवतीको अपहरण, जबर्जस्ती करणी आ कर्तव्य ज्यान घटनामा संलग्नताको आरोपमा पक्राउ गरिएको हो । पीडित परिवारले प्रहरीमा गरेको उजुरीका आधारमा साहलाई प्रहरीले उपनिर्वाचनबाट अढाइ वर्षका लागि वडाध्यक्षमा विजित भए पनि हिरासतमा लिएपछि यसले देशव्यापी चर्चा पाएको छ।*

*जताततै उनी समाचारका पात्र भएका छन् । जनता समाजवाद्यी पार्टी नेपालबाट विजित साहलाई थप अनुसन्धान भइरहेको प्रहरी ले जनाएको छ।*

*प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाका अनुसार, नवनिर्वाचित वडाध्यक्ष साहउपर अपहरण तथा शरीर बन्धक, जबर्जस्तीकरणी र कर्तब्य ज्यान मुद्दामा अनुसन्धान प्रक्रियामा रहेका वडाध्यक्ष साहविरुद्ध २०७९ साउन १७ गते अपहरण तथा शरीर बन्धक, जबरजस्तीकरणी आ कर्तव्य ज्यान लगायतका अपराधमा उजुरी दर्ता भएको पाइएको छ । साह सहित अन्य व्यक्तिहरुविरुद्ध २०७९ साल साउन १९ गते पीडित परिवारद्वारा इलाका प्रहरी कार्यालय कल्याणपुरमा जाहेरी परेको थियो । साह फरार सूचीमा थिए । विसं २०८० साल जेठ १० गते जिला सरकारी वकिल कार्यालय सप्तरीमार्फत इलाका प्रहरी कार्यालय कल्याणपुरमा जाहेरी दर्ता भएको थियो।*

*साउन १४ गते इलाका प्रहरी कार्यालय कल्याणपुरमा मुद्दा दर्ता भएपछि साउन १५ गते साहसहितका प्रतिवादीविरुद्ध पक्राउपूर्जी पनि जारी भएको थियो । प्रहरीले खोजतलास गरिरहेको व्यक्ति एकाएक वडाध्यक्षका उम्मेदवार जितेर शपथ खाइरहँदा पक्राउ परेका हुन् । यो त एउटा उदाहरण मात्रै हो, मधेशका थुप्रै जनप्रतिनिधिका टाउकोमा यसरी नै मुद्दा चलिरहेको छ।*

*राजनीतिक प्रतिशोधका आधारमा कोही संरक्षित भइरहेका छन्, कोही फरार सूचीमा बसिरहेका छन् । कोहीको पद नै निलम्बनमा परेको छ । लोसपामा मधेश प्रदेश सभाका संसदीय दलका नेता अभिराम शर्मा पनि यस्तै बिलखबन्दमा परेका अर्का पात्र हुन् । स्वतन्त्र सांसद अनिरुद्ध सिंह पनि यस्तै कर्ममा जोडिएका थिए । झण्डै उनको सांसद पद गुमेको थियो । केही मन्त्रीहरु, पार्टीका सभापतिहरु पनि भ्रष्टाचारको मुद्दामा जोडिएका छन् । यसले मधेशका जनप्रतिनिधिहरुको अपराध कर्ममा सहभागिता देखाइरहेको छ । यो राम्रो पाटो होइन।*

*मधेशलाई नेतृत्व गर्ने जनप्रतिनिधिहरु किन यसरी अपराध कर्ममा फसेका छन् ? उनीहरुको पुराना मुद्दामा किन प्रहरीले पदमा पुगेपछि मात्रै पक्राउ गरेर प्रगति प्रतिवेदन सार्वजनिक गरिरहेको छ ? उम्मेदवार हुँदा नै यस्ता व्यक्तिहरु किन पक्राउ पर्दैनन् ? साढे २ वर्षका लागि जितेका व्यक्ति नै शपथ खाएकै दिन वडा कार्यालय नगई हिरासतमा गएपछि उपनिर्वाचन र यसमा भएको खर्च व्यर्थ भएको छ । उनी हिरासतमा गएपछि दोस्रो भएका व्यक्तिले वडाध्यक्ष भएर काम गर्न पाउने अवस्था पनि छैन । अर्को उपनिर्वाचन कहिले हुने ? यस्ता प्रश्नहरु राज्य संयन्त्रबीचको समन्वयको अभावमा उब्जिरहने गर्दछ।*

# वैयक्तिक विवरण सार्वजनिकीकरणमा मिडिया पनि दोषी



सन्तोष सिग्देल

नेपालमा गोपनीयताको हकको अवस्था विश्लेषण गर्दा कानुनी रूपमा कस्तो व्यवस्था गरिएको छ र यसको अभ्यास कस्तो छ भनी हेरिनुपर्ने हुन्छ । २०४७ सालको संविधानले गोपनीयताको हकलाई पहिलोपटक मौलिक हकका रूपमा सुनिश्चित गरेको थियो भने अन्तरिम संविधानले पनि त्यसलाई निरन्तरता दियो । तथापि संवैधानिक हकका रूपमा रहेको गोपनीयताको हकलाई कार्यान्वयन गर्न संसदले लामो समयसम्म कानुन भने बनाउन सकेन । २०७२ सालमा संविधानसभाबाट बनेको नयाँ संविधानले पनि गोपनीयताको हकलाई मौलिक हककै रूपमा व्यवस्थित ग¥यो । त्यसलाई कानुनी हकका रूपमा कार्यान्वयन गर्नका लागि २०७५ सालमा वैयक्तिक गोपनीयता सम्बन्धी ऐन जारी भयो । यस ऐनले व्यक्तिगत गोपनीयताका बारेमा विस्तृत रूपमा कानुनी प्रबन्ध गरेको छ । यसको कार्यान्वयनका लागि नियमावली पनि बनेको छ । संविधानले गोपनीयताको हकलाई नागरिक मात्रको हक नभई व्यक्तिको हकका रूपमा व्यवस्था गरेको छ । तसर्थ गोपनीयताको हक नेपालको सरहदभित्र रहेको जुनसुकै व्यक्तिका लागि समान रूपमा लागु हुन्छ । व्यक्तिको मर्यादित जीवन बाँच्न पाउने अधिकार र स्वतन्त्रताको अधिकारको एक पाटोका रूपमा रहेको गोपनीयताको हक कानुनले तोकेको अवस्थामा मात्र संकुचन हुन सक्छ नत्र अनतिक्रमणीय हुन्छ भनी संविधानले नै ग्यारेन्टी गरेको छ।

गोपनीयताको हकसम्बन्धी कानुन कार्यान्वयनमा आउनुअगाडि अपराध अनुसन्धानका क्रममा पक्राउ गरिएको व्यक्तिलाई सार्वजनिक गर्न हुन्छ वा हुँदैन भन्नेबारे कुनै कानुनी व्यवस्था थिएन । यही कारण प्रहरीले आरोपितहरूलाई सार्वजनिक गर्ने अभ्यास सुरु गरेको हुन सक्छ । यसको पछाडि कारण के हुन सक्छ भने समाजमा अपराधको घटना भएपछि डर वा त्रासको मनोभाव हुन्छ । त्यस्तो अवस्थामा अपराध गरेको भनी आशंका गरिएको व्यक्ति पक्राउ भइसकेको छ र अब समाज सुरक्षित छ भनी नागरिकलाई आश्वस्त तुल्याउने अभ्यासका रूपमा आरोपितलाई सार्वजनिक गर्ने गरेको देखिन्छ । यस्तो अभ्यासले व्यक्तिको गोपनीयताको अधिकारका साथसाथै संविधानले सुनिश्चित गरेको न्यायसम्बन्धी हक अन्तर्गतको निर्दोषिताको सिद्धान्त समेतको उल्लंघन हुन्छ । संविधानले धारा २० मा ‘कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन’ भन्ने व्यवस्था गरेको छ।

कुनै अपराध अनुसन्धान गर्ने सिलसिलामा पक्राउ परेका, आशंका गरिएका, अनुसन्धानकै क्रममा रहेका व्यक्तिलाई समेत सार्वजनिक गर्ने अभ्यासले व्यक्तिको गोपनीयताको हकको उल्लंघन भइरहेको अवस्थालाई मध्यनजर गर्दै संसदले वैयक्तिक गोपनीयताको हकसम्बन्धी कानुन बनाउँदा दफा १७ मा ‘कानुन बमोजिम अनुसन्धानको सिलसिलामा रहेको कुनै पनि व्यक्तिलाई लागेको कसुरको सम्बन्धमा सम्बन्धित निकायमा अभियोगपत्र दायर नभएसम्म निजलाई अधिकार प्राप्त अधिकारीले कुनै पनि तरिकाले सार्वजनिक गर्न वा गराउन हुँदैन’ भन्ने व्यवस्था गरेको छ।

यस व्यवस्थाअनुसार अनुसन्धान सकाएर अभियोग पत्र दायर नगरेसम्म प्रहरी र अनुसन्धान निकायले आरोपित वा थुनुवालाई कुनै पनि तरिकाले सार्वजनिक गर्नु हुँदैन । यसको कारण भनेको आशङ्का गरिएको व्यक्तिको सम्बन्धमा अनुसन्धान नै पूरा भइसकेको छैन, उसलाई तत्काल देखिएका प्रमाणहरूले संलग्न हो भन्नेतर्फ सङ्केत गरेको भए पनि अनुसन्धान सकिँदासम्म निज संलग्न नरहेको पनि हुन सक्छ भन्ने हो । तसर्थ अनुसन्धानका क्रममा अभियोगपत्र दायर नभएसम्म निजको फोटो, ठेगाना, अन्य व्यक्तिगत विवरण लगायत निजको पहिचान खुल्न सक्ने विवरणहरू गोप्य नै राख्नुपर्छ कुनै पनि तरिकाले सार्वजनिक गर्न वा गराउन हुँदैन।

अनुसन्धान नटुङ्गिएको अवस्थामा अभियोगपत्र दायर हुनुअगावै आशङ्का गरिएको व्यक्ति तथा निजको विवरण सार्वजनिक गरिँदा निजले विनाअपराध सामाजिक रूपमा अपमान व्यहोर्नुपर्ने हुन्छ । सार्वजनिक गर्ने क्रममा उसको फोटो, ठेगाना र पहिचान समेत बाहिर जाँदा यसले व्यक्तिको गोपनीयताको हक हनन हुन्छ । अपराधमा आशङ्का गरेको व्यक्तिको नाम, अभियोगको विवरण वा सूचना सार्वजनिक गर्न भने रोक लगाइएको छैन।

हाम्रोमा गलत अभ्यास कस्तो हुने गरेको छ भने कुनै व्यक्ति आशङ्काकै आधारमा पक्राउ परेको भए पनि सार्वजनिक सञ्चारमाध्यमलाई बोलाएर अगाडि उभ्याएर उसको फोटोसहित र वैयक्तिक विवरणसहित सबै कुरा सार्वजनिक गरिन्छ । अझ कतिपयमा त थुनुवा भनेर छातीमा टाँसेर समेत सार्वजनिक गर्ने गल्ती भइरहेको हुन्छ । यो अपराधमा संलग्नमा रहेको आशङ्कामा पक्राउ गरिएको छ भनेर यसरी सार्वजनिक गर्दा उसको सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा हनन हुन्छ । यता संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भनेर ग्यारेन्टी गर्ने अनि अनुसन्धान गर्ने निकायले आशङ्काकै भरमा पक्राउ गरेर अभियुक्तझैँ निर्दोष मानिसलाई व्यवहार गर्ने हो भने व्यक्तिको गोपनीयता सम्बन्धी हकको हनन हुन्छ । यो अधिकारको हनन मात्र होइन, कानुन कार्यान्वयन गर्ने निकायबाट नै भएको कानुनको उल्लङ्घन पनि हो । वैयक्तिक गोपनीयता सम्बन्धी ऐनको दफा १७ विरुद्धको कार्य हो।

विधायिकाले बनाएको कानुन नागरिकका लागि मात्र होइन, नागरिकको अधिकारको संरक्षणका लागि विधायिकाले सरकार तथा सरकारी निकायका क्रियाकलापमा रोक समेत लगाएको हुन्छ । वैयक्तिक गोपनीयता सम्बन्धी ऐनको दफा १७ यस्तै प्रावधान हो, जसले अधिकारप्राप्त अधिकारीले के गर्नु हुँदैन भनी तोकेको छ । विधायिकाले सरकारी निकायका अधिकारीलाई निर्देशित गर्ने मनसाय राखेरै यो प्रावधान बनाएका हुन् । जति नागरिकलाई यो कानुन लागु हुन्छ, सरकारी निकायका पदाधिकारी अझ भनौँ प्रहरीलाई पनि त्यत्ति नै लागु हुन्छ । त्यसैले अभियोगपत्र दायर हुनुअघि व्यक्तिको गोपनीयतासम्बन्धी कुराहरूको संरक्षण गर्ने दायित्व प्रहरीहरूको हो । यो प्रावधानलाई लत्याउनु कानुन उल्लङ्घन हो र नेपालको हालको अभ्यासलाई हेर्ने हो भने अपराध अनुसन्धान निकाय तथा अधिकारीहरूबाट कानुनको पालना भइरहेको छैन भन्न सक्छौँ।

**मिडियाको भूमिका**

सञ्चारमाध्यमले यस्ता विषयलाई कसरी प्रस्तुत गर्छन् भन्ने कुरा पनि हेरिनुपर्छ । प्रहरी पत्रकार सम्मेलन गरेर वा प्रेस विज्ञप्ति जारी गरेर सार्वजनिक गरेको आरोपितसम्बन्धी वैयक्तिक जानकारीको थप सार्वजनिकीकरणमा मिडियाको ठुलो भूमिका छ । प्रहरीले दियो भन्दैमा सबै छाप्नु जरुरी हुँदैन । के कति छाप्ने भन्ने मिडिया आफैँ निर्धारण गर्न सक्छ र गर्नुपर्छ । वैयक्तिक गोपनीयताको संरक्षण मिडिया आचार (मिडिया इथिक्स) को एक महत्त्वपूर्ण स्तम्भ हो । विगतमा मिडियाले आरोपित र अभियुक्तका बिचमा कुनै भेद नराखी आरोपितलाई नै अभियुक्तका रूपमा रिपोर्टिङ गर्ने अभ्यास समेत रहेको थियो । पछिल्लो समय मूलधारका सञ्चारमाध्यममा यस विषयमा केही सुधार देखिएको छ, तर सामाजिक सञ्जाल र खास गरी युट्युबलाई प्लेटफर्म बनाएर सञ्चार कर्म गरिरहेका अर्थात् सूचना प्रकाशन र प्रसारण गर्नेहरू व्यक्तिगत गोपनीयताको उल्लङ्घनमा निकै अगाडि देखिएका छन्।

मिडिया र त्यसमा पनि डिजिटल प्लेटफर्ममा आधारित नयाँ मिडियाहरूलाई गोपनीयताका बारेमा बुझाउनु जरुरी छ । पछिल्लो समय जति व्यक्तिगत कुरा बाहिर ल्याउन सकियो वा आफ्नो प्लेटफर्ममार्फत सार्वजनिक गर्न सकियो, त्यति नै क्लिक र भ्युज कमाउन सकिन्छ भन्ने प्रवृत्ति देखिएको छ । कतिपय अवस्थामा प्रहरीबाट पाएको सूचनाका आधारमा यस्ता सामग्री प्रसारण हुने गरेका छन् भने कतिपय अवस्थामा आफैँ फिल्डमा गएर पनि हुने गरेका छन् । आरोपितका परिवार, पीडितका परिवारसँग कुरा गर्दै व्यक्तिगत गोपनीयता हनन गर्ने काम भइरहेको देखिन्छ । यस्ता नयाँ मिडियाहरूको क्षमता अभिवृद्धि तथा सचेतना वृद्धितर्फ पनि जोड दिनुपर्छ।

वैयक्तिक गोपनीयता अधिकार उल्लङ्घनको यो प्रवृत्तिलाई सम्बोधन गर्न एक पक्षीय प्रयास पर्याप्त हुँदैन । कानुनी रूपमा हेर्दा ऐनमा गरिएको व्यवस्था अपुरो र अपर्याप्त छ । वैयक्तिक विवरण सार्वजनिक गर्न हुँदैन भन्ने व्यवस्था त छ तर सार्वजनिक गरियो भने के सजाय हुन्छ भन्ने व्यवस्था छैन । त्यसै गरी वैयक्तिक विवरण सार्वजनिक भएर पीडित भएका व्यक्तिका लागि उपचार तथा क्षतिपूर्तिको व्यवस्था छैन । तसर्थ गोपनीयताको हकको पूर्ण संरक्षणका लागि यी व्यवस्था समेट्दै कानुनमा संशोधन आवश्यक छ।

**प्रहरीलाई तालिम वा परिपत्र**

अपराध अनुसन्धानको जिम्मेवारीमा रहेको प्रहरीले आफ्नो कोर्स तथा तालिमहरूमा वैयक्तिक गोपनीयताको हक प्रचलित कानुनी व्यवस्था तथा आरोपितको गोपनीयता उल्लङ्घन गर्न नहुने विषयलाई समेट्नुपर्छ । मेरा कारण कानुनको उल्लङ्घन भइरहेको छ भन्ने अनुसन्धान गरिरहेको निकाय वा व्यक्तिलाई थाहा नहुन पनि सक्छ । अपराधको आशङ्कामा पक्राउ गरेपछि मैले मिडिया बोलाएर सार्वजनिक गर्नुपर्छ वा मिडिया बोलाएर दिनुपर्छ उसलाई लागिरहेको पनि हुन सक्छ, भन्ने प्रचलित अभ्यासका नाममा । यो गलत हो, यो कानुनले रोकेको छ भनेर उसलाई नबुझाएसम्म त्यस्तो अभ्यास रोकिँदैन । यस अवस्थामा तत्कालै यस्तो अभ्यास रोक्न नेपाल प्रहरीले ‘अभियोगपत्र दर्ता नभएसम्म आरोपितको विवरण सार्वजनिक नगर्नु’ भनी मातहतका सबै प्रहरी कार्यालयलाई परिपत्र जारी गर्ने र त्यसको कार्यान्वयन हुने हो भने तत्कालै सुधार देखिन पनि सक्छ।

# सही चर्चा र ध्यान



स्वामी गुञ्जन

बृहदारण्यकोपनिषद् अध्याय ३ ब्राह्मण १ मा एकपटक राजा जनकले ठूलो दक्षिणाको घोषणा गरी एउटा विशाल यज्ञ आयोजना गर्नुभएको प्रसङ्ग आउँछ । त्यस यज्ञमा राजाको निम्तालाई स्वीकार गरी कुरु र पाञ्चाल देशका विशिष्ट र विद्वान ब्राह्मणहरुले उत्साहका साथमा सहभागिता जनाए । राजा जनकलाई त्यहाँ उपस्थित ब्राह्मण तथा ज्ञानीहरु मध्ये सबैभन्दा उत्तम प्रवचन गर्न को सक्षम हुनुहुन्छ भनेर जान्ने इच्छा उत्पन्न भयो । यही प्रयोजनका लागि भनेर उहाँले एक हजार गाईहरुलाई आफ्नो गौशालामा बाँधेर राख्नुभएको थियो । ती प्रत्येक गाईहरु आफ्ना सीङ्गा बाँधिएका दश–दश वटा सुनका मोहोरहरुले शोभायमान थिए।

सम्पूर्ण ज्ञानी ब्राह्मणहरुको सभामा राजा जनकले घोषणा गर्नुभयो, ‘हे पूज्य ब्राह्मण ! यहाँहरु सबैजना ब्रह्मवेत्ता हुनुहुन्छ । तपाईंहरुमध्येमा सर्वश्रेष्ठ ब्रह्मवेत्ताले यी गाईहरुलाई हाँकेर आफ्नो निवासमा लिएर जान सक्नुहुनेछ।’

त्यहाँ उपस्थित कुनै ब्राह्मणले पनि यसरी गाईलाई गोठबाट फुकाएर लैजाने आँट गर्न सक्नुभएन । आफू नै श्रेष्ठ ब्रह्मवेता हुँ भनेर घोषित गर्ने त्यहाँ मध्ये कसैले पनि धृष्टता गर्न सकेन । कुनै पनि ब्राह्मणले साहस गर्न नसकेको देखेर ऋषि याज्ञवल्क्यले आफ्ना शिष्यलाई भन्नुभयो, ‘हे सोम्य ! हे सामश्रवा ! यी गाईहरुलाई हाम्रो गौशालामा लिएर जाऊ ।’ याज्ञवल्क्यको यति आदेश पाउनासाथ ती शिष्यले सम्पूर्ण गाईहरुलाई फुकाएर आफ्नो गौशालातिर लिएर गए।

उपस्थित सम्पूर्ण ब्राह्मणहरुका बीचमा याज्ञवल्क्यको यो साहस देखेर अन्य ब्राह्मणहरु क्रुद्ध भए । त्यस सभामा राजा जनकका मूल पुरोहित अश्वल पनि उपस्थित थिए । राजा र राज्यको आश्रय पाएको हुँदा उनको स्वभावमा अभिमान देखिन्थ्यो । अश्वलले अब याज्ञवल्क्यलाई प्रश्न गर्दछन्, ‘के साँच्चै नै हामी सबैमा तिमी नै श्रेष्ठ ब्रह्मवेत्ता हौ त ?’

उत्तरमा याज्ञवल्क्य भन्दछन्– सम्पूर्ण ब्रह्मनिष्ठहरुलाई मेरो नमस्कार छ, यस समय मलाई गाईको खाँचो छ।’

यसपछि त्यहाँ याज्ञवल्क्य र अश्वलका बीचमा प्रश्नउत्तर चल्दछ। ‘हे याज्ञवल्क्य !’ अश्वल सम्बोधन पश्चात प्रश्न गर्दछन्, ‘यो सम्पूर्ण संसार मृत्युले परिव्याप्त छ । यहाँ भएका सम्पूर्ण प्राणीहरु मृत्युको अधीनमा छन् । त्यो मृत्युको व्याप्तिलाई यजमानले कुन साधनले अतिक्रम गर्न सक्छन् ?’ अश्वलको यस प्रश्नको जवाफमा याज्ञवल्क्य भन्दछन् – वाक्द्वारा मृत्युको अधीनतलाई अतिक्रम गर्न सक्दछन्.।’

झट्ट सुन्दा यो उत्तर अनौठो जस्तो लाग्दछ । कसरी मानिसले आफ्नो वाक्शक्तिद्वारा मृत्युको पराधीनतालाई अतिक्रम गर्न सक्छन् होला ! हर कोहीको मनमा यो प्रश्न उत्पन्न हुनु स्वाभाविक नै हो।

मैले गुरुदेवका साथमा बिताएको झण्डै पच्चीस वर्षको समयलाई बिचार गर्दा म के पाउँछु भने उहाँले सबैभन्दा बढी आफ्नो समय भेट गर्न आएका जिज्ञासु र दर्शनार्थीका साथमा कुराकानी गरेर बिताउनु भयो । गुरुदेवले आफ्नो निवासको प्रवेशद्वार कहिले पनि आउने मान्छेका लागि बन्द गर्नुभएन । औपचारिक शिक्षा पाएको अथवा निरक्षर, शहरको होस् अथवा गाउँको होस्, बालक होस् अथवा बृद्ध, महिला होस् अथवा पुरुष, स्वदेशी होस् अथवा सात समुद्र पारीको अङ्ग्रेज सबैका साथमा हुने कुराकानीमा उहाँ रमाउनु हुन्थ्यो । उहाँको ज्ञान, सूचना र अभिव्यक्ति शैली यस्तो मन्त्रमुग्ध पार्ने हुन्थ्यो कि त्यस समयमा अरु मानिसले बोल्ने कुनै आवश्यकता नै हुँदैन थियो । एकदिन मलाई भन्नुभएको थियो, ‘तैंले भारतमा विभिन्न प्रान्तबाट आएका मानिसहरुको भेलामा एकजना मानिस कुराकानी गर्न कुशल छ र अरु मानिसहरु सुनिमात्र रहेका छन् । यस्तो दृश्य देखिस् भने त्यो बोल्ने मान्छे बङ्गाली हो भन्ने पक्का बुझे हुन्छ ।’ चित्र बनाउँदा, खाना बनाउँदा, कुनै शारीरिक काम गर्दा, नुहाउनु अघि शरीरमा तेल मालिस गर्दा पनि उहाँ कुनै गम्भिर विषयमा चर्चा गरिरहनु हुन्थ्यो । यदाकदा कुनै किताब लेखेको बेलामा मानिसहरु आएर उहाँको लेखन कार्यमा बाधा गरे भन्ने लाग्यो भने आश्रमको भान्साकोठा, माथि कुखुरे पाखाको कुटी अथवा आश्रमको शिरानको कोठामा एकान्तमा गएर आफ्नो कार्य गर्नुहुन्थ्यो । तर त्यहाँ पनि मानिस त किन जाँदैन थिए र ! ‘घर छाडेर निस्किएको दिनदेखि मलाई मानिसले कहिले पनि छोडेनन् ।’ उहाँ भन्नुहुन्थ्यो ‘यतिसम्म कि शिवपुरी पहाडमा तपस्या गर्दाका बखतमा बाघभालू लाग्ने ओडारमा बसेर तपस्या गर्दा पनि मानिसहरु खोज्दै खोज्दै, झरीका बेलामा, जुका र डाँसले टोके तापनि त्यहाँ पुग्थे अरे।

गुरुदेव केवल बोल्नु मात्रै हुँदैनथियो कि उहाँले गर्ने कुराहरुमा अनुभूति हुन्थे । त्यसका अतिरिक्त उहाँका शब्दहरुमा प्रेमभावना, आशीर्वाद, हिताकाङ्क्षा, परोपकार र मार्गदर्शन हुन्थ्यो । कोही कोही भक्तले उहाँले भनेको यी कुराहरु ‘लेखेर राख्न पाए कति राम्रो हुन्थ्यो । धेरै मानिसहरुले हजूरको भनाइबाट लाभ पाउने थिए ।’ भन्ने गरेको पनि मैले सुनेको हुँ । यो म भर्खर आएको बेलाको कुरा थियो । एकजना भक्तको यस्तै प्रश्नको जवाफ स्वरुप भन्नुभएको थियो, ‘म लेख्न त लेख्छु तर किताबका पेज होइन मानिसको हृदयमा लेख्छु ।’ मेरो पिताजी कृष्णविनोद लम्सालले पनि एकपटक यसै गरेर प्रश्न गर्नुभएको थियो, ‘स्वामीजी मैले जहिले पनि हजूरले भनेको कुरामा कुनै न कुनै नौलो कुरा भेट्छु । हजूरले बोलेका कुराहरुलाई अभिलेख गरेर राख्न सकिंदैन ?’ यस प्रश्नको जवाफ गुरुदेवले भन्नुभएको मलाई सम्झना छ, ‘यसरी रेकर्ड गरेर राख्ने, किताब बनाउने भनेको चेलाहरुले गर्ने काम हो । मैले कुनै प्रसङ्गमा केही कुरा भनेको हुन्छु । अब त्यसलाई तत्काल कसरी रेकर्ड गर्ने ? यस विषयमा चेलाहरुले सोच्नु पर्दछ।’

यस आश्रममा आएदेखि नै यहाँको व्यवस्थापनलाई लिएर मलाई चिन्ता भइरहन्थ्यो । पठनपाठन हुने कतिपय कक्षाहरुमा बर्षामा पानी चुहुन्थ्यो । कुनै कुनै कक्षाकोठामा झ्याल ढोका थिएनन् । हिंड्ने बाटो वर्षामा हिलाम्मे हुन्थ्यो । विद्यालयको बारबेरा नभएको हुँदा विभिन्न थरीका मानिसहरु, बाटाका कुकुरहरु, कहिले कहिले पागलहरु पनि विद्यालयको हाताभित्र प्रवेश गर्दथे । उनीहरुलाई रोक्ने हामीहरुसँग कुनै उपाय नै थिएनन् । गुरुदेवलाई भक्तहरुले सहयोग गर्न कमी पनि हुँदैन थियो । गुरुदेवका साथमा नै रहेर ‘यस्तो कुरा आवश्यक छ,यस्तो बनाउनु पर्छ ।’ भनेर सल्लाह दिने मानिसको कमी भएर हुनसक्छ गुरुदेवलाई कसैले पैसा अथवा सामान दान दिएको छ भने पनि कोही आवश्यक पर्ने मानिस अगाडि देख्दा उसलाई दिइहाल्नुहुन्थ्यो । फेरि हामीहरुको क्षेत्र ठूलो भएको हुँदा सानो तिनो काम गरे तापनि देखिँदैन थियो । यति हुँदाहुँदै पनि विद्यालयका कक्षाकोठाहरुमा विद्यार्थीहरु भरिभराउ हुन्थे । गुरुदेवका साथमा आउने भक्तहरु उहाँसँग अत्यन्त खुशी र कृतज्ञ भएर फर्किनुहुन्थ्यो।

मेरो आशय के हुन्थ्यो भने यहाँ गुरुदेवलाई आएर भेट गर्ने सज्जनहरुमध्ये कसैले हाम्रो भौतिक संरचना बनाउन सहयोग गरिदिनुहुन्थ्यो भने हाम्रो कत्रो कल्याण हुन्थ्यो । विद्यार्थीहरुले कति आरामले पढ्न पाउँथे।

एकदिन म कुनै काम विशेषले बाहिर गएको थिएँ । बेलुका म फर्किएपछि गुरुदेवले दिउँसो आएका आगन्तुकको प्रसङ्ग निकालेर भन्नुभयो, ‘उनीहरुका साथमा राम्रो धर्मचर्चा भयो । खुबै खुशी भएर गएका छन् ।’ गुरुदेवले कुरा गर्दा गर्दै मैले बीचमा आफ्नै आग्रहलाई उहाँसमक्ष राखें । ‘गुरुदेव ! हजूरले उनीहरुलाई केही सहयोग गर्न भन्नु भयो ?’ सायद मैले यो प्रश्न ठिक समयमा नगरेको हुनसक्छ गुरुदेवले जवाफ दिनुभयो, ‘तैंले के सम्झिएको छस् ? म यहाँ जोसँग पनि मागेर बसिरहेको हुन्छु ?’ कुरा साँच्चै पनि हो । एउटा मानिसका साथमा धर्म दर्शनको चर्चा गरिरहेको बेलामा गुरुदेवको स्तरको व्यक्तिले कुनै भौतिक कुरा मागिहाल्नु उचित पनि हुँदैन थियो । यहाँको आवश्यकताले मलाई पिरोलिरहने हुँदा मैले हठात् गुरुदेवसँग बेला न कुबेला त्यो प्रश्न सोध्न पुगेको थिएँ।

ऋषि याज्ञवल्क्यले वाक्ले मानिसले मृत्युलाई जित्न सक्छ भन्ने कुरा मलाई अनौठो लागि रहन्थ्यो । ऋषि याज्ञवल्क्यको यो भनाइलाई गुरुदेव आफ्नो कुराकानीमा बारबार उद्धृत गरिरहनुहुन्थ्यो । मलाई लाग्थ्यो, ‘संसारमा कुरा गर्ने मानिसको त कुनै कमी छैन । अझ कुरा गर्ने कामै नगर्नेहरु त त्योभन्दा धेरै छन् । उसो भए यी सबैले नै के मृत्युलाई जितेका होलान् त ?’ यही प्रश्न मैले गुरुदेवसमक्ष राखें।

मेरो प्रश्नका बारेमा गुरुदेवले एकछिन विचार गर्नुभयो र भन्नुभयो, ‘मेरा अनुभवमा जुन दिन म जिज्ञासुहरुका साथमा राम्रोसँग धर्मदर्शन चर्चा गर्दछु । मैले गरेको चर्चाले उनीहरु सन्तुष्ट भएको जस्तो लाग्दछ । मलाई आफैंलाई पनि यसरी धर्म चर्चाले आनन्द प्रदान गर्दछ त्यसपछि ध्यान गर्न बस्दा मेरो ध्यान गहिरो हुन्छ । जब मलाई गहिरो ध्यान लाग्दछ त्यसबेला मलाई मृत्युको चिन्ता हुँदैन । तसर्थ धर्मदर्शनको उचित चर्चाले निश्चय नै मृत्युको डरलाई जित्न मद्दत पुग्छ भन्ने मेरो बिचार हो।’ देशसञ्चार

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# बिआरआई सम्झौतामा नबुझी टिप्पणी भइरहेको छः परराष्ट्रमन्त्री



**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले नेपाल सरकार र चीनबीच हालै सम्पन्न बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) फ्रेमवर्क सम्झौतामा ऋण लिने विषय कतै उल्लेख नभएको स्पष्ट गरेकी छन् ।
नेपाल सरकार र चीनबीच हालै भएको सो सम्झौताका बारेमा गहिरो अध्ययन नगरी हलुकारूपमा टिकाटिप्पणी भइरहेको उनको भनाइ थियो ।
इन्टरनेसनल कोर्ट अफ जस्टिस् (आइसिजे) मा जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सुनुवाइमा नेपालका तर्फबाट धारणा राख्न नेदरल्यान्ड्स् प्रस्थान गर्नुअघि आज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनले भनिन्,'हामीले बिआरआईअन्तर्गत सहयोगमा आधारित परियोजनामा हस्ताक्षर गरेका हौँ, ऋण लिने भन्ने कुरा कतै छैन ।'
सम्झौताका बारेमा बुझ्दै नबुझी टिप्पणी गरिएको उनको भनाइ थियो । बिआरआई सम्झौताअनुसारका परियोजनाहरू पनि दुवै देशको सहमतिबाट अघि बढाइने विषय स्पष्टसँग लेखिएकाले नेपालको सहमतिअनुसार नै सो सम्झौता अघि बढ्ने पनि उनले स्पष्ट गरिन् । उनले भनिन्, 'ऋण लिने भन्ने कुरा त लिने पक्षको मञ्जुरी र आग्रहमा हुने हो नि ।
हामीले लिँदैनौँ, हामीलाई आवश्यक छैन भने दिने पक्षले पनि कहाँ जबर्जस्ती गर्छ त ? त्यसैले सरकारले ऋण लिनेगरी सम्झौतामा हस्ताक्षर गऱ्यो भन्नु बचपना मात्र हो ।'
नेपालले चीनसँग बिआरआई सम्झौताअन्तर्गत अनुदानमा परियोजनाहरू निर्माण गर्नेगरी हस्ताक्षर गरेको र त्यो पनि सुरक्षा या अन्य कुनै विषयमा नभएर 'ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ्स' अन्तर्गत सहमति गरेको उनले जानकारी गराए ।
नेपाल अहिले ऋण लिन सक्ने अवस्थामा छैन भन्ने कुरा आफूले चिनियाँ विदेशमन्त्रीसँग पनि राखेको र उनीहरू यस विषयमा सहमत भएपछि निकै मेहनत गरेर नेपालले बिआरआइअन्तर्गत नै कोअपरेसन फ्रेमवर्क निर्माण गरी दुवै पक्षको सहमतिअनुसार हस्ताक्षर भएको मन्त्री डा राणाले बताइन् । उनले बिआरआईअन्तर्गत नेपालले चीनसँगको व्यापार, हवाई एवं स्थलगत कनेक्टिभिटी, पूर्वाधार निर्माण तथा आर्थिक सहायतासम्बन्धी विषयलाई प्राथमिकतामा राखेको बताइन् ।
मन्त्री डा.राणा अन्तर्राष्ट्रिय अदालत (आइसिजे) मा जलवायु परिवर्तनका कारण नेपाललाई परेको असर र नेपालले पाउनुपर्ने क्षतिपूर्तिबारे कुरा उठाउन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै आज त्यसतर्फ प्रस्थान गरेकी हुन् । अन्तर्राष्ट्रिय अदालतमा नेपालले पहिलो पटक नेपालमा जलवायु परिवर्तनको वर्तमान अवस्था र यसका कारण नेपालमा परेको असरका बारेमा आफ्नो अवस्था र धारणा राख्न लागेको हो । रासस

# संघ र प्रदेश सरकारप्रति स्थानीय तहका जनप्रतिनिधिको गुनासो

**गण्डकी ।**
अधिकार र स्रोतसाधनको प्रत्यायोजनमा सङ्घ र प्रदेश सरकार अनुदार देखिएको गुनासो स्थानीय तहका जनप्रतिनिधिले गरेका छन् ।
प्रदेश नीति तथा योजना आयोगद्वारा शुक्रबार पोखरामा आयोजित प्रदेश विकास समस्या समाधान समितिको बैठकमा उनीहरूले संविधानको व्यवस्था र सङ्घीयताको मर्मअनुरुप तीनै तहका सरकारहरूबीचको सहकार्य र सहअस्तित्वमा जोड दिएका हुन् ।
गाउँपालिका महासङ्घ, गण्डकीका अध्यक्ष एवं कास्कीको रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले स्थानीय तहलाई दिइने ससर्त अनुदान घटाउन र समानीकरण अनुदान बढाउन आग्रह गरे । उनले वित्त आयोगले निर्दिष्ट गरेबमोजिम सङ्घ र प्रदेश सरकारले स्थानीय तहलाई समानीकरणतर्फको अनुदान वृद्धि गर्नुपर्नेमा जोड दिए । अध्यक्ष ओझाले जग्गा प्राप्तिसम्बन्धी कानुनी जटिलताका कारण गण्डकी प्रदेशभित्र २७ वडा कार्यालयका लागि जग्गा प्राप्तिको प्रक्रिया रोकिएको बताए ।
'व्यक्तिको जग्गा लिन पनि सङ्घ सरकारको मन्त्रिपरिषद्को निर्णय चाहिने र जग्गाको मापदण्डसम्बन्धी प्रावधान पनि सहज नभएका कारण जग्गा लिने प्रक्रिया नै झन्झटिलो बनेको छ' उनले भने । अध्यक्ष ओझाले योगदानमा आधारित सामाजिक सुरक्षा कोषको दायित्व स्थानीय तहले मात्र बहन गर्न नसक्ने भन्दै कानुनले निर्दिष्ट गरेबमोजिम तीन तहका सरकारले उक्त कोषमा साझेदारी गर्नुपर्ने बताए । उनले प्रदेश सरकारले टुक्रे योजना अन्त्य गर्ने जनाए पनि चालु आवमा त्यस्ता योजनाले निरन्तरता पाएको बताए ।
'प्रदेश समस्या समाधान समितिको बैठकले नै रु ३० टुक्रे योजना हटाउने नर्णय गरेको थियो, तर बजेट आउँदा पाँच÷दश लाखका योजना पनि समावेश भएर आए', उनले भने, 'आवश्यकता पहिचान नगरी नेता÷कार्यकर्ताको दबाबमा सरकारले पनि रोक्न सकेन ।'
तनहुँको ब्यास नगरपालिकाका प्रमुख बैकुण्ठनाथ न्यौपानेले स्थानीय तहअन्तर्गत रहेका जिल्ला समन्वय समितिको राजस्व र आम्दानीलाई सङ्घीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान संविधानको भावना विपरीत भएको बताए । 'जिल्ला समन्वय समितिले सङ्कलन गर्ने राजस्व नगरपालिका र गाउँपालिकाले जस्तै गरी स्थानीय तहभित्रै बाँडफाँड र खर्च गर्न पाउनुपर्छ', उनले भने ।
बागलुङको बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले सङ्घ सरकारले सुरु गरेका दर्जनौँ खानेपानी आयोजना अलपत्र अवस्थामा रहेको भन्दै तिनको व्यवस्थापन गर्नुपर्ने बताए ।
उनले योगदानमा आधारित सामाजिक सुरक्षा कोषको दायित्व स्थानीय तहलाई बढी भएको बताए । संघ सरकारको विभागीय मन्त्रालयसँग सम्झौता गरी उक्त कोष सञ्चालनमा ल्याइएको उल्लेख गर्दै कानुनले निर्दिष्ट गरेबमोजिम तीन तहका सरकारको ३३÷३३ प्रतिशत दायित्व सुनिश्चित गर्नुपर्ने अध्यक्ष अधिकारीले बताए ।
कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले कतिपय स्थानीय तहले निकासी कर लगाएको गुनासो आएको भन्दै स्थानीय तहले दोहोरो कर लगाउन नमिल्ने बताए ।
मुख्यमन्त्री एवं समितिका अध्यक्ष सुरेन्द्रराज पाण्डेले बैठकलाई निर्णय कार्यान्वयनका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । उनले प्रदेशबाट राष्ट्रिय समस्या समाधान समितिमा पठाइएका माग र प्रस्ताव कार्यान्वयनमा आउन नसकेकामा दुःखेसो व्यक्त गरे । 'राष्ट्रिय विकास समस्या समाधान समिति र राष्ट्रिय समन्वय परिषद्को बैठकमा भएका निर्णय पनि कार्यान्वयन भएको देखिँदैन', मुख्यमन्त्री पाण्डेले भने ।
मुख्यमन्त्री पाण्डेले पुराना जीर्ण आयोजना सम्पन्न गर्ने र आगामी बजेटमा टुक्रे योजनालाई कडाइका साथ रोक्ने बताए ।
स्थानीय तह र प्रदेश सरकार सञ्चालनमा देखिएका कतिपय कानुनी र नीतिगत अप्ठ्यारालाई फुकाउँदै लगिने उहाँले उल्लेख गरे । मुख्यमन्त्री पाण्डेले यातु बोक्रे 'राइड शेयरिङ' कम्पनीलाई वैधानिकता दिइने बताए । प्रदेशको सवारी तथा यातायात व्यवस्था नियमावली–२०८० को व्यवस्थाअनुसार 'राइड शेयरिङ'ले कानुनी मान्यता पाउने उनको भनाइ छ ।
'नियमावली मन्त्रिपरिषद्बाट पास हुने क्रममा छ, यातायात व्यवसायीहरूसँग पनि 'राइड शेयरिङ'लाई कानुनी दायरामा ल्याउने विषयमा विभिन्न चरणमा छलफल भइसकेको छ', मुख्यमन्त्री पाण्डेले भने, 'यातायात व्यवस्थापनसम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेकाले आवश्यक कानुनी प्रबन्ध गरेर राइड शेयरिङलाई वैधता दिन लागिएको हो ।'
मुख्यमन्त्री पाण्डेले सर्वोच्च अदालतले पनि कानुनी दायरामा ल्याएर 'राइड शेयरिङ' सञ्चालन गर्न सकिने फैसला गरेको उल्लेख गरे ।
यसअघि गत असारमा प्रदेश राजधानी पोखरामा अनधिकृत रुपमा 'एप'मार्फत 'राइड शेयरिङ' गरी यातु बोक्रे कार्यलाई प्रदेशको यातायात मन्त्रालयले रोक लगाएको थियो ।
यातायात व्यवसायीले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ विपरीत रातो नम्बर प्लेट भएका सवारीसाधनले यातु बोक्न नपाउने भन्दै विरोध जनाउँदै आएका छन् ।
प्रदेश सरकारले बनाएको नियमावलीमा निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे सवारीसाधनले यातु बीमासहित तोकिएको प्रक्रिया पूरा गरेर यातु बोक्न पाउने व्यवस्था छ ।
मन्त्रिपरिषद्बाट नियमावली पास भएपछि मापदण्ड र कार्यविधि बनेपछि मात्र निजी सवारीसाधन 'राइड शेयरिङ'मा दर्ता हुन पाउनेछन् ।
समितिको बैठकबाट राष्ट्रिय विकास समस्या समाधान समितिमा विभिन्न १६ वटा प्रस्ताव पठाउने निर्णय भएको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष कृष्णचन्द्र देवकोटाले जानकारी दिए ।
संघ सरकारबाट प्राप्त हुने समानीकरण अनुदानको हिस्सा बढाउने तथा ससर्त अनुदानतर्फ राष्ट्रिय लक्ष्य र प्राथमिकताको क्षेत्र निर्धारण गरी एकमुष्ट बजेट विनियोजन गरी आयोजना छनोट गर्ने अधिकार प्रदेश सरकारलाई प्रदान गर्न सङ्घीय सरकारलाई अनुरोध गर्ने पहिलो प्रस्ताव छ ।
त्यसैगरी, संविधानबमोजिम प्रदेशको अधिकार क्षेत्रअन्तर्गत पर्ने ट्राफिक जरिवाना र अन्तरप्रदेश 'रुट' इजाजतबापत सङ्कलन गरिएको रकम हालसम्म राष्ट्रिय सञ्चित कोषमा दाखिला हुने गरेकोले सो रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्न माग गरिएको छ ।
प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा आयोजना तथा कार्यक्रमको वित्तीय प्रगतिको साथै भौतिक प्रगतिसमेत प्राप्त हुने व्यवस्था मिलाउँदै प्रदेश आयोजना बैंक र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीबीच कार्यात्मक अन्तरआबद्धता काेh यम गर्नेलगायतका निर्णय गरिएको प्रदेश नीति तथा योजना आयोगले जनाएको छ । रासस

# राष्ट्रपति अस्पतालबाट डिस्चार्ज



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेल स्वास्थ्यलाभ गरी डिस्चार्ज भएका छन् । उनी गत बुधबार प्रोस्टेटसम्बन्धी उपचारका लागि महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा भर्ना भएका थिए ।
उनको सोही दिन प्रोस्टेटसम्बन्धी शल्यक्रिया भएको हो ।
अस्पतालका निमित्त कार्यकारी निर्देशक घनश्याम गुरुङले विज्ञप्ति जारी गरेर राष्ट्रपति पौडेल स्वास्थ्यलाभ गरी शनिबार अपराह्न डिस्चार्ज भएको जानकारी दिएका हुन् ।
यसैबीच, राष्ट्रपति पौडेलले आफ्नो उपचारमा संलग्न सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, अस्पतालका अन्य कर्मचारीलगायत स्वदेश तथा विदेशबाट आफ्नो स्वास्थ्यलाभको कामना गर्नेहरुप्रति आभार व्यक्त गरेका छन् । राष्ट्रपतिको कार्यालयले जारी गरेको विज्ञप्तिमा उक्त कुरा जनाएको छ । रासस

# बिआरआईबाट देश हित हुन्छः खनाल

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले विश्वव्यापी रूपमा भौतिक पूर्वाधार निर्माण गर्ने बृहत् चिनियाँ परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) मुलुकको हितमा रहेको बताएका छन् ।
चीनको साताव्यापी भ्रमण पूरा गरी शनिबार अपराह्न स्वदेश फर्केपछि उनले राष्ट्रको भौतिक विकासका लागि बिआरआई परियोजना सहयोगी हुने टिप्पणी गरे । परियोजना कार्यान्वयनमा अब विलम्ब गर्नुहुनेमा उनको जोड थियो ।
चिनियाँ पक्षले पनि परियोजनाबारे नेपालको अवधारणा तथा ढिलाइलाई लिएर आफूसँग जिज्ञासा राखेको जानकारी दिए ।
एक साता लामो चीन भ्रमण सम्पन्न गरी आज स्वदेश फर्किएपछि त्रिभुवन विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै चीनबाट नेपालमा सडक माध्यमबाट सामान ल्याउँदा धेरै कष्ट बेहोर्नुपरेकाले यस विषयमा सरकारले चीनसँग आवश्यक छलफल अघि बढाउनुपर्नेमा जोड दिए ।
चाइना इन्स्टिच्युट फर इनोभेसन एण्ड डेभलपमेन्ट स्ट्राटेजी, चाइनिज पिपल्स इन्स्टिच्युट अफ फरेन अफेयर्स र ग्वाङझाउ प्रान्तीय जनसरकारको संयुक्त आयोजनामा ग्वाङझाउमा आयोजित अन्डरस्ट्याण्डिङ चाइना कन्फरेन्समा सहभागी भएर नेता खनाल स्वदेश फिर्ता भएका हुन् । रासस

# शिक्षालाई ठीक ढंगले अगाडि बढाउनुपर्छः सभामुख

**ललितपुर ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले शिक्षालाई ठीक ढङ्गले लैजान सकेमात्र समाजका सबै समस्या हल गर्न सकिने बताएका छन् ।
शिक्षक हित बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शनिबार ललितपुरको जावलाखेलमा आयोजित १६ औँ वार्षिक साधारणसभामा सभामुख घिमिरेले शिक्षाको ज्ञान र चेतना भर्ने शिक्षकले समाजलाई कता लैजाने भन्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए ।
'शिक्षक शिक्षाको चेतना भर्ने समाजका अगुवा हो, आफू जलेर समाजलाई अगाडि बढाउने शिक्षकले समाजको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ, समाज परिवर्तनमा शिक्षकले धेरै काम गरेका छन्, राजनीतिक विभाजनले गर्दा शिक्षा क्षेत्रमा धेरै प्रगति हुन सकेको छैन, परिवर्तनका लागि शिक्षकहरू एक ठाउँमा उभिनु जरुरी छ,' सभामुख घिमिरेले भने ।
उनले शिक्षकहरूको हीतका लागि सानोसानो पूँजी जुटाएर काम गरेको सहकारी संस्थाले उत्कृष्ट काम गर्दै देशभर अगुवाई गरेर अगाडि बढेकोमा खुसी व्यक्त गरे । उनले भने, 'धेरै प्रयत्न गरिएको छ, राजनीतिक दलहरूबीच छलफल गरी आधारभूत कुराहरू टुङ्गोमा पुऱ्याएर निकास दिने तयारीमा छौँ ।'
साधारणसभामा नेपाल राष्ट्रिय शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष विष्णु भण्डारीले शिक्षकहरूद्वारा सञ्चालित ५४ जिल्लाका सहकारीलाई एकीकृत बनाएर बैंकिङ कारोबारमा लैजानुपर्नेमा जोड दिए ।
साधारणसभामा सहकारीका सञ्चालक समितिका अध्यक्ष शुक्र थापाले आर्थिक वर्ष २०८०÷८१ को वार्षिक प्रतिवेदन पेश गरेका थिए । रासस

# राष्ट्रिय सहमतिमा शान्ति प्रक्रिया टुङ्ग्याइने

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्तिप्रक्रिया पूरा गर्न राष्ट्रिय सहमति आवश्यक भएकाले सहमतिमा नै त्यसलाई निष्कर्षमा पुऱ्याइने बताएका छन् ।
एकीकृत अखिल नेपाल शिक्षक संगठन र नेपाल शिक्षक समाजबीच एकता घोषणासभा तथा प्रथम राष्ट्रिय परिषद् बैठकमा उनले अन्तिम चरणमा पुगेको शान्तिप्रक्रियालाई टुङ्ग्याउन राष्ट्रिय एकता र सहमति अपरिहार्य भएको बताएका हुन् ।
अध्यक्ष दाहालले अन्तिम चरणमा पुगेको शान्ति प्रक्रियालाई राष्ट्रिय समहतिबाटै टुंगोमा पुर्याउनुपर्छ, 'उनले भने । एकता प्रक्रियामा जोडिएका शिक्षकलाई स्वागत गर्दै उनले यसले बृहत् एकताको बाटो फराकिलो बनाउने बताए ।
आफू प्रधानमन्त्री भएका बेला विद्यालय शिक्षा विधेयक संसद्मा दर्ता भएको जानकारी दिँदै उनले यसलाई पारित गराउन फेरि एकपटक सबैले बल गर्नुपर्नेमा जोड दिए । 'विधेयक अझै पूर्ण नभएको भनी शिक्षक आन्दोलन भइहेको छ, शिक्षकका माग समेटेर संशोधित विधेयक संसद्को आउँदो अधिवेशनबाट पारित गर्नुपर्छ, 'उनले भने । यो विधेयक पारित गराउन आफूले हरसम्भव प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गरे । रासस

# स्थानीय स्रोतको उपयोगमा शर्माको जोड

**बागलुङ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव जनार्दन शर्माले स्थानीय स्रोत र साधनको अधिक उपयोग गरी देशलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउन सकिने बताएका छन् ।
नेपाल राष्ट्रिय उद्योग –व्यापार सङ्गठनको दोस्रो अधिवेशनको शनिबार उद्घाटन गर्दै उनले फलाम, तामालागयत बहुमूल्य खनिज उत्खननमा राज्यले ध्यान दिनुपर्नेमा जोड दिए । सूचना प्रविधिको क्षेत्रमा मुलुकले प्रगति गरेको र अझै धेरै गर्ने स्थान रहेकाले त्यसतर्फ पनि विशेष ध्यान दिन आवश्यक भएको उनले बताए ।
पूर्वअर्थमन्त्री शर्माले यस भेगका प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ र कालिका भगवतीमा धार्मिक पर्यटकको आगमन बढाउन कालीगण्डकीमा पाइने शालिग्रामको महत्वबारे प्रचुर मात्रामा प्रचारप्रसारका साथै कालीगण्डकीको तटीय क्षेत्रको विकास अपरिहार्य भएको विचार व्यक्त गरे । रासस

# एनपिएलः कर्णाली याक्स सात रनले विजयी

**काठमाडौँ ।**
नेपाल प्रिमियर लिग (एनसपिएल) अन्तर्गत शनिबार भएको दोस्रो खेलमा कर्णाली याक्स सात रनले विजयी भएको छ । एक सय ३४ रनको मध्यम लक्ष्य पछ्याएको विराटनगर किङ्ग्स कर्णालीका नन्दन यादवको कसिलो बलिङमा निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय २६ रनमा समेटियो ।
कर्णालीको जितमा नन्दन यादवले चार ओभर बलिङ गर्ने क्रममा १९ रन खर्चेर तीन विकेट लिए । साथै विपीन यादवले दुई तथा सोमपाल कामी, विलियम वोसिस्टोले र उनिश ठकुरीले एक÷एक विकेट लिए ।
बिराटनगरका लागि निकोलस कीर्तनले ३९ बलमा चार चौका र एक छक्काको सहयोगमा ४० रन बनाए पनि जितका लागि पर्याप्त भएन् । उसका लागि ओपनर लोकेश बमले १९ र दीपक बोहोराले १८ रनको योगदान दिए भने अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।
कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिलो ब्याटिङको निम्तो पाएको कर्णाली याक्सले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै एक सय ३३ रन मात्रै बनाएको थियो ।
उसका लागि विलियम बोसिस्टोले ४९ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा ६६ रन बनाए । साथै ओपनर देव खनालले ४८ बलको सामना गर्ने क्रममा चार चौका र दुई छक्का प्रहार गर्दै ५३ रनको योगदान दिए ।
कर्णालीका पाँच ब्याटरले खाता नै खोल्न सकेनन् । गुलशन झा, सोमपाल कामी, नन्दन यादव, विपीन शर्मा र उनिश ठकुरी शून्य रनमा आउट भए । अघिल्ला दुई वटा खेलमा चम्केका ओपनर शिखर धवनले व्यक्तिगत पाँच रन छँदा आउट भए ।
कर्णाली याक्सलाई मध्यम स्कोरमा समेट्ने क्रममा बिराटनगरका लागि प्रतीश जिशीले चार विकेट लिए । साथै क्रिस सोल र बसिर अहमदले समान दुई विकेट लिए भने अकिब इलायसले एक विकेट लिए । चार खेलमा दुईमा जित हासिल गरेको कर्णालीसँग चार अङ्क छ भने समान खेल खेलेको विराटनगरसँग एक जितका साथ दुई अङ्क छ ।रासस

# एनपिएलः सुदूरपश्चिमले लगातार तेस्रो खेल जित्दा, लुम्बिनीको तेस्रो हार



**काठमाडौँ ।**
नेपाल प्रिमियर लिग (एनपीएल) मा सुदूरपश्चिम रोयल्सले लुम्बिनी लायन्सलाई ४५ रनले हराउँदै लगातार तेस्रो जित निकालेको छ ।
लुम्बिनी लायन्सले भने लगातार तेस्रो खेलमा हार भोग्न पुगेको छ ।
टियू मैदान कीर्तिपुरमा शनिबारको पहिलो खेलमा टस हारेर पहिले ब्याटिङ गरेको सुदुरपश्चिमले दिएको १ सय ८८ रनको लक्ष्य पछ्याएको लुम्बिनी निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय ४२ रन बनायो ।
लुम्बिनीका लागि विवेक यादवले ५४ बलमा ३ चौका र ७ छक्का प्रहार गर्दै ७७ रन बनाएपनि टिमको हार टार्न सकेनन्। त्यसअघि लुम्बिनीले खराब सुरुवात गर्दै १९ रनमा ५ विकेट गुमाएको थियो ।
उसका लागि थप दोहोरो स्कोरका रुपमा सन्दीप जोराले २० रन बनाए भने दिनेश अधिकारीले १४ रन बनाएका थिए । अन्य खेलाडीले भने दोहोरो स्कोरमा रन बनाउन सकेनन् ।
सुदुरपश्चिमका लागि साइफ जाइब र ब्रान्डन म्याकमुलमले ३–३ विकेट लिंदा स्कट कुगेलिङ्गले २ विकेट हात पारेका थिए । त्यस्तै अभिनास बोहराका नाममा १ विकेट रहेको थियो । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदुरपश्चिमले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १ सय ८७ रन बनाएको थियो ।
सुदुरपश्चिमका ओपनर साइफ जाइबले सर्वाधिक ९० रन बनाउँदा उनले ६१ बल खेल्दै ६ चौका र ५ छक्का प्रहार गरेका थिए। त्यस्तै विनोद भण्डारीले १७ रन बनाए भने ब्रान्डन म्याकमुलनले २३ रनको स्कोर तयार गरेका थिए ।
सुदुरपश्चिमका कप्तान दिपेन्द्र सिंह ऐरी १९ बलमा ४ चौका र २ छक्का प्रहार गर्दै ३९ रनमा अविजित फर्किएका थिए । त्यस्तै स्कट कुगेलिङ्गले ११ रन बनाएर उनलाई साथ दिएका थिए ।
लुम्बिनीका लागि रामोन सिमोन्डले २ विकेट लिंदा रोहित पौडेल र विवेक यादवले १–१ विकेट लिएका थिए । जितपछि सुदुरपश्चिमको तीन खेलमा ६ अङ्क भएको छ ।
उसले पहिलो खेलमा बिराटनगरलाई ९० रनले हराएको थियो भने दोस्रो खेलमा काठमाडौंलाई ७३ रनले हराएको थियो ।
लुम्बिनीको भने यो तेस्रो हार हो। पहिलो खेलमा बिराटनगरसँग २ विकेटले हारेको लुम्बिनी दोस्रो खेलमा पोखरासँग १० विकेटले हारेको थियो ।रासस

# नेपालमा खेलकुद उत्सव छाइरहेको छः मन्त्री चौधरी




**काठमाडौँ ।**
युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले पछिल्लो समय एकपछि अर्को महत्वपूर्ण प्रतियोगिता आयोजना भइरहेकाले नेपालको खेलकुद क्षेत्रमा उत्सव छाइरहेको बताएका छन् ।
काठमाडौँमा शनिबार नेपाल आँखा अस्पतालको २० औँ वार्षिक साधारणसभामा उनले मुलुकमा निरन्तर खेलकुद प्रतियोगिता भएपछि खेलकुद क्षेत्र र खेलाडीमा उत्साह र उमङ्ग बढेको धारणा व्यक्त गरे । मन्त्री चौधरीले भने, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदकधारी खेलाडीलाई रोजगारी र अन्य सुविधा दिन नकेकाकारण विदेश पलायन हुनेको सङ्ख्या चुनौतीका रुपमा बढिरहेको छ ।
अस्पतालले निःशुल्क औषधोपचार उपलब्ध गराइ यसलाई रोक्न सहयोग पु¥यान सक्छ ।'
आँखासहितका अस्पतालमा खेलाडीको उपचारमा सहज पहुँच हुन आवश्यक रहेको बताउँदै अस्पतालका आजीवन सदस्यसमेत रहनुभएका मन्त्री चौधरीले कतिपय खेलाडीको बिमा नभएकाले खेलकुद क्षेत्रमा उज्ज्वल भविष्य भएका खेलाडी विदेशपलायन भइरहेको उल्लेख गरे ।
आँखामा रोग लागेपछि उपचारभन्दा रोग लाग्नै नदिन अपनाउन पर्ने सचेतना महत्वपूर्ण हुने धारणा व्यक्त गर्दै मन्त्री चौधरीले नेपाल आँखा अस्पतालले सेवा प्रवाह र गुणस्तरमा धेरै सुधार ल्याएको भनी प्रशंसा गरे । रासस

# आइपिओ जारी गर्न ८० कम्पनी पाइपलाइनमा

**काठमाडौँ ।**
पुँजी बजारमा प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ)का लागि नेपाल धितोपत्र बोर्डको पाइपलाइनमा रहेका कम्पनीको संख्या ८० पुगेको छ । त्यस्तै, धितोपत्रको आइपिओ जारी गरी सूचीकरण भइसकेका छ वटा कम्पनीले आफ्नो पुँजी वृद्धि गर्न धितोपत्रको थप निष्काशन (एफपिओ) प्रक्रियामा रहेको बोर्डले जनाएको छ ।
बोर्डका अनुसार कूल ४९ अर्ब ४८ करोड ३० लाख ४९ हजार ५९६ रुपैयाँ बराबरको आइपिओ पाइपलाइनमा छ । विभिन्न क्षेत्रका ८० वटा कम्पनीको ३४ करोड १९ लाख एक हजार ८० कित्ता शेयर आईपिओका लागि बोर्डको प्रक्रियामा छ । होटल तथा पर्यटन क्षेत्रका सात वटा कम्पनीले तीन अर्ब ३१ करोड १० लाख रुपैयाँ बराबरको तीन करोड ५३ लाख ६० हजार कित्ता आइपिओ जारी गर्न निवेदन दिएका छन्।
साथै ४० वटा जलविद्युत् आयोजनाले कूल १६ अर्ब ४१ करोड ३० लाख ७९ हजार ४०० बराबरको १६ करोड ३६ लाख पाँच हजार ४६४ कित्ता बराबर आइपिओ जारी गर्नका लागि बोर्डको प्रक्रियामा रहेका छन् । लगानी समूहअन्तर्गत तीन वटा कम्पनीले दुई अर्ब ८४ करोड ३३ लाख ५० हजार रुपैयाँ बराबरको एक करोड ५६ लाख ७३ हजार ५०० कित्ता आइपिओ जारी गर्नका लागि पाइपलाइनमा छन् ।
उत्पादन तथा प्रशोधनतर्फ १५ वटा कम्पनीले २२ अर्ब ६८ करोड ४७ लाख ७६ हजार ९६ बराबरको नौ करोड १६ लाख ७५ हजार ६८४ कित्ता आईपिओ निष्कासनको प्रक्रियामा छन् ।
धितोपत्र बोर्डका अनुसार जलविद्युत् समूहतर्फ सबैभन्दा धेरै ४० वटा कम्पनीले आइपिओ निष्कासनका लागि बोर्डमा निवेदन दिएका छन् ।
सानिमा हाइड्रोपावर लिमिटेड, हिम स्टार ऊर्जा कम्पनी लिमिटेड, भुजुङ हाइड्रोपावर लिमिटेड, दरमखोला हाइड्रो इनर्जी लिमिटेड, सान्भी इनर्जी लिमिटेड, बेनी हाइड्रोपावर लिमिटेडलगायत कम्पनीको आइपिओ निष्कासन पाइपलाइनमा छ ।
त्यस्तै, यमलिङ्ग हाइड्रोपावर लिमिटेड, मबिलुङ्ग हाइड्रोपावर लिमिटेड, सोलु हाइड्रोपावर लिमिटेड,टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेड, विकास हाइड्रोपावर कम्पनी, कालिञ्चोक हाइड्रोपावर लिमिटेडलगायत कम्पनीहरु आइपिओ पाइपलाइनमा रहेका छन् । होटल तथा पर्यटन समूहअन्तर्गत सात कम्पनीको आइपिओ पाइपलाइनमा छन् ।
यो समूहमा एपेक्स हस्पिटालिटी लिमिटेड, होटल फरेस्ट इन लिमिटेड, अर्केड होल्डिङ्स लिमिटेड, अन्नपूर्ण केबल कार, बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड, अकामा होटल लिमिटेड, ठमेल प्लाजा होटल एण्ड स्वीट्स लिमिटेड आइपिओ निष्काशनका लागि पाइपलाइनमा छन् ।
लगानी समूहतर्फ वरुण इन्भेष्टमेन्ट लिमिटेड, सिड इनर्जी लिमिटेड र शिवम् होल्डिङ्स लिमिटेडले आइपिओ ल्याउँदैछन् ।
उत्पादन तथा प्रशोधन समूहतर्फ १५ कम्पनीको आइपिओ पाइपलाइनमा छ ।
एकोर्ड फर्मास्युटिकल्स लिमिटेड, एसवाई प्यानल नेपाल लिमिटेड, सूर्य सिमेन्ट इन्ड्रस्ट्रिज लिमिटेड, मारुती सिमेन्ट्स लिमिटेड, स्मार्ट डोर्स लिमिटेड, पाल्पा सिमेन्ट इन्ड्रस्ट्रिज लिमिटेड, ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडलगायत कम्पनीको आइपिओ आइँदैछ । त्यस्तै,लक्ष्मी टेक्नोप्लास्ट लिमिटेड, श्री डिस्टिलरी लिमिटेड, सोपान फर्मास्युटिकल्स लिमिटेड, भूगर्भ सिमेन्ट लिमिटेड, रिद्धिसिद्धि सिमेन्ट लिमिटेड, सागर डिस्टिलरी लिमिटेड र अम्बे स्टील्स लिमिटेडले आइपिओ ल्याउने तयारी गरिहेका छन् ।
लघुवित्त समूहतर्फ स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडको आइपिओ निष्कासनका लागि बोर्डमा विचाराधीन छ ।
त्यस्तै, लघुबीमा (माइक्रो इन्स्योरेन्स) तर्फ क्रेस्ट माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड, नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड र स्टार माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेडले आइपिओ जारी गर्न बोर्ड समक्ष निवेदन दिएका छन् ।
अन्य समूहका १० कम्पनी आइपिओ पाइपलाइनमा छन् । ट्रेड टावर लिमिटेड, कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड, डिस मिडिया नेटवर्क लिमिटेड, आइएमई लिमिटेड, हस्पिटल फर एड्भान्स मेडिसिन एण्ड सर्जरी सर्जरी (हेम्स हस्पिटल) लिमिटेड, पिअर इनर्जी लिमिटेड,नेपाल ब्रोडकास्टिङ च्यानल लिमिटेड, कैलाश हेलिकप्टर सर्भिस लिमिटेड, छायादेवी कम्प्लेक्स लिमिटेड र बिजनेस इन्ट्रेस्ट ग्रुप अफ इन्ड्रस्टिजले आइपिओ ल्याउँदैछन् । रासस

# दमकको १८ तले भवन प्रधानमन्त्रीले उद्घाटन गर्दै



**झापा ।**
दमकमा बहुपयोगी १८ तले भवन निर्माण भएको छ । दमक नगरपालिका–३ दापगाछीमा एक अर्ब ४५ करोड रुपैयाँ को लागतमा निर्मित भवनको प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार उद्घाटन गर्ने कार्यक्रम छ ।
'दमक बिजनेस कम्प्लेक्स' नामकरण गरिएको उक्त भवन चिनियाँ निर्माण कम्पनी जेडसिजीआइआइसी र आशिष ओम साइराम कम्पनीले संयुक्त रूपमा बनाएका हुन् ।
सरकारले विकास समितिमार्फत भवन सञ्चालनको तयारी गरेको सहरी विकास तथा भवन निर्माण आयोजनाका इन्जिनियर भूपेन्द्र यादवले बताए । व्यापारिक प्रयोजनका निम्ति भवन उपयुक्त रहेको उनले बताए । प्रधानमन्त्री ओलीले नै पाँच वर्षअघि भवन निर्माणको शिलान्यास गरेका थिए । यसैबीच, प्रधानमन्त्री ओलीले मेचीनगर–४ बाहुनडाँगी स्थित मानव आश्रम भवनको आइतबार नै उद्घाटन गर्ने कार्यक्रम छ । उनका साथ प्रथम महिला राधिका शाक्य पनि भवन उद्घाटनमा सहभागी हुने नगरप्रमुख गोपाल बुढाथोकीले बताए । रासस

# इमरानको याचिकामा डिसेम्बर १० मा सुनुवाइ

**इस्लामाबाद ।**
पाकिस्तानको सर्वोच्च अदालतले सन् २०२३, १० मे को घटनाहरूको अनुसन्धान गर्न न्यायिक आयोग गठन गर्न माग गर्दै पीटीआईका संस्थापक इमरान खानले दायर गरेको याचिकामा डिसेम्बर १० मा सुनुवाइ गर्ने समय तय गरेको छ ।
सर्वोच्च अदालतले शुक्रबार जारी गरेको कारण सूची अनुसार न्यायाधीश अमिनुद्दीन खानको नेतृत्वमा रहेको सात सदस्यीय संवैधानिक इजलासले मुद्दाको अध्यक्षता गर्नेछ । याचिका दुई महत्त्वपूर्ण घटनाहरूको छानबिन गर्न न्यायिक आयोगहरूको लागि इमरान खानको मागसँग जोडिएको छ ।
बिहीबार पूर्वप्रधानमन्त्रीले आफ्नो आयोगको स्थापनाबारे पोष्ट गरेका थिए । सरकारसँग संलग्न हुन गठित वार्ता टोलीमा ओमर अयुब खान, अली अमीन गण्डापुर, साहिबजादा हमिद रजा, सलमान अक्रम राजा र असद कैसर रहेका छन् ।
इमरानले यस विषयमा आफ्ना मागहरू दोहो¥याउँदै भने,'हाम्रा दुईवटा मागहरू छन् । घटनाहरूको स्वतन्त्र अनुसन्धान गर्न सर्वोच्च अदालतका सबैभन्दा वरिष्ठ न्यायाधीशहरूको नेतृत्वमा आयोग गठन गर्नुपर्छ । अन्यायपूर्वक थुनिएका राजनीतिक बन्दीहरूलाई रिहा गरिनुपर्छ ।' इमरानले यी मागहरू पूरा नभएमा पीटीआईद्वारा 'नागरिक अवज्ञा, रेमिट्यान्समा कमी र बहिष्कार आन्दोलन' सुरु गर्ने चेतावनी दिए । यस मुद्दाको अतिरिक्त, फेब्रुअरीको आम चुनावमा धाँधली भएको आरोप लगाउँदै पीटीआईका संस्थापकले दायर गरेको छुट्टै याचिकामा डिसेम्बर ११ मा अर्को सुनुवाइ हुने छ । रासस

# 'चुलोचौकाबाट नागरिक वैज्ञानिकसम्म'

**दोलखा ।**

टेलिभिजन च्यानलले समाचारको अन्त्यमा दिने मौसमसम्बन्धी जानकारीमा जिरीमा आज यति मिलिमिटर पानी पऱ्यो वा मौसम सफा रहनेछ भनेको सुन्दा जिल्लाभरि नै त्यति नै परिमाणमा पानी परेको वा मौसम सफा रहेको होला भन्ने यदुनाथ न्यौपानेलाई लाग्थ्यो । जब उनी आफैँले मौसमको पूर्वानुमान गर्नसक्ने भए, जिरीको मौसम र जिल्लाको अन्य भागको मौसमको अवस्था एकैनास हुने रहेनछ, ठाउँअनुसार फरक हुने रहेछ भन्ने ज्ञान भयो, अब उनी हरेक दिन आफू वरपरको मौसमको पूर्वानुमान गर्नसक्ने भएका छन् ।



मौसम पूर्वानुमानमा स्थानीय व्यक्तिहरुको क्षमता अभिवृद्धि गराउने र स्थानीयस्तरमै नागरिक वैज्ञानिक तयार गर्ने उद्देश्यले छ महिनाअघि भीमेश्वर नगरपालिकामा सञ्चालन गरिएको तालिम र सामान्य प्रविधिको माध्यमबाट उनमा यो क्षमता विकास भएको हो । उनी भन्छन्, 'अब कति पानी पर्दा कस्तो क्षति हुनसक्छ, बाढी, पहिरोजस्ता विपद्बाट कसरी समुदायलाई सुरक्षित राख्न र विकास निर्माणका कामहरु गर्दा जोखिम न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी पनि भएको छ ।'

एशियाली पूर्व तयारी केन्द्र (एडिपिसी) को सहयोगमा भीमेश्वर नगरपालिका, इन्टिच्युट अफ हिमालयन रिक्स रिडक्सन (आइएचआरआर) र स्मार्टफोन फर वाटर नेपाल (एस४डब्लु) को संयुक्त पहलमा सञ्चालन गरिएको भिक्ट्री नामक परियोजनामार्फत यदुनाथसहित नगरपालिकाका नौवटै वडाका पाँच÷पाँचजना सर्वसाधारणलाई प्रशिक्षित गरी साधारण उपकरणमार्फत मौसम पूर्वानुमान गरिएको थियो । नागरिक वैज्ञानिकहरुको सूचनाकै आधारमा पहिरोको जोखिममा रहेको घरलाई स्थानान्तरण गर्ने, पहिरोमा सडक भासिनसक्ने अवस्थामा विद्यालय बन्द गराउनेजस्ता कार्यहरु हुँदा जिल्लाकै अति जोखिम मानिएको यस नगरपालिकामा ठूलो जनधनको क्षति हुन पाएन । विषयत गहन अध्ययन गरी विशेषज्ञता हासिल गरेका व्यक्तिलाई वैज्ञानिक भन्ने बुझेकी वडा नं १ की निशा थामीलाई कुनै दिन आफू पनि नागरिक वैज्ञानिक बन्न सकिन्छ भन्ने लागेको थिएन । घरको चुलोचौका र मेलापातमै सीमित रहेका महिलाहरुले मौसमको पूर्वानुमान गर्न सक्छन् भन्ने कुरामा गाउँका कसैले पनि विश्वास गर्ने कुरै थिएन । उनी भन्छिन्, 'शुरुमा त यस्ता पनि वैज्ञानिक रे भनेर हामीलाई हस्सीबजाकमा उडाइएको थियो ।' साधारण लेखपढ मात्र गर्न सक्ने उनी आज सामान्य प्रविधिकै भरमा मौसमको पूर्वानुमान गर्न सक्ने भएको देख्दा समाजमा अलग्गै पहिचान बनेको छ । त्यतिमात्र होइन, अब गाउँलेहरु मौसमको आधारमा कुन दिन खेतीपाती गर्ने, खेती थन्काउने, टाढाको यात्रा गर्नेजस्ता जानकारी लिन उनी कहाँ आउने गर्छन् ।

उनी सामान्य भिक्ट्री परियोजनामार्फत प्रयोगमा नआएको कोकाकोला २.२५ लिटरको बोतललाई वर्षा मापनका लागि गेजको रुपमा प्रयोग गरी हरेक दिन बिहान ८ः४५ बजे नागरिक वैज्ञानिकले मोबाइल प्रविधि प्रयोग गर्दै फोटोसहितको फारम भरेर डाटा सम्प्रेषण गर्ने गर्छिन् । उनले पठाएका डाटा नगरपालिका र मोबाइल एपमा समेत हेर्न सकिनेछ भने त्यसको आधारमा मौसमको विवरण थाहा हुने गर्दछ । खुल्ला आकाशमुनि राखिने बोतलको भूई सतहलाई समान बनाउन सिमेन्ट ढलानको प्रयोग गरिएको हुन्छ भने त्यसमा परेको पानी वास्पीकरण नहोस् भन्नका लागि ढक्कनको समेत व्यवस्था गरिएको हुन्छ । नागरिक वैज्ञानिकले सूचना सङ्कलनका लागि मोबाइल प्रविधि प्रयोग गरी मोबाइल एप्लिकेसनमार्फत आफू नजिकै देखापरेको बाढी, पहिरोको घटनालाई समेत फोटो र भौगोलिक अवस्थिति (जीपीएस) राख्दै सम्प्रेषण गर्ने गर्दछन् । मोबाइल प्रविधिमा सूचना सङ्कलन गरिएको वास्तविक मिति, समय र स्थानको पनि अभिलेख रहने भएकाले सम्प्रेषित भएको डाटा भरपर्दो मानिन्छ ।

अर्की नागरिक वैज्ञानिक कमला ओलीले आफू रहेको स्थान वरिपरि हुने वर्षाको मात्रा मात्र नभई खोलानालाका पानीको स्तर, बहाव गति र भूमिगत पानीको मात्रालगायतका तथ्यहरू नियमित मापन गरी मोबाइल फोनमा उपलब्ध प्रविधिको प्रयोग गरी विपद् व्यवस्थापन गर्न सकिने आत्मविश्वास बढेको बताउँछिन् । स्थानीय जनप्रतिनिधिसमेत रहेका उनी भन्छिन्, 'विपद्बाट जनताको जीउधन र राज्यका भौतिक सम्पत्तिको सुरक्षा गर्ने कार्यमा सहभागी हुन पाउँदा खुशी लागेको बताउँदै यस कार्यक्रमलाई पालिकाले निरन्तरता दिनुपर्ने छ ।' यस परियोजनाले सामान्य नागरिकलाई समेत वैज्ञानिक योगदान गर्न उत्प्रेरित गरेको छ । नागरिक वैज्ञानिकहरुले सम्प्रेषण गरेका मौसमी सूचनाका आधारमा पूर्वतयारी गर्दा यसपटकको मनुसन अवधिमा जिल्लामा ठूलो जनधनको क्षति हुन पाएन । आमनागरिकले आफ्नो बौद्धिक प्रयास, क्षमता, आफ्नो वरिपरिको वातावरणको सुक्ष्म अवलोकन र त्यसको अनुभव तथा आफूसँग भएका सीमित स्रोत–साधनको प्रयोगले वैज्ञानिक खोज तथा अनुसन्धानमा अतुलनीय योगदान पुऱ्याएका छन् । हाल यो कार्यक्रम बर्दियाको बारबर्दिया नगरपालिकामा पनि ४५ जना नागरिक वैज्ञानिकमार्फत बाढी मापनमा मौसमी पूर्वानुमानको कार्य भइरहेको छ । विश्वभर नै सरल, सस्तो एवम् प्रभावकारी विधिका रुपमा नागरिक विज्ञानको प्रयोग भरहेको देख्न सकिन्छ । आम नागरिकको संलग्नतामा गरिने वैज्ञानिक खोज तथा अनुसन्धान कार्यलाई 'नागरिक विज्ञान' र यस्तो काममा संलग्न नागरिकलाई 'नागरिक वैज्ञानिक' भन्ने गरिन्छ ।



जलवायु परिवर्तनका कारण विश्वभर नै तापमान वृद्धि, भारी वर्षा, भूमिगत पानीको बहाव ढाँचामा परिवर्तनलगायतका विभिन्न परिवर्तनहरु देखिन थालेको र यसले अनेक विपद्हरु पनि निम्त्याएको अवस्थामा बाढी, पहिरोजस्ता प्राकृतिक विपद्बाट सुरक्षित रहन स्थानीयस्तरमै प्रभावमा आधारित मौसम पूर्वानुमान गर्नसक्ने नागरिक वैज्ञानिक अभियानलाई कार्यान्वयनमा ल्याइएको आइएचआरआरका कार्यकारी निर्देशक सुरज गौतम बताउँछन् । बिहान चिया पसलहरुमा हुने राजनीतिक गफको सट्टा मौसम पूर्वानुमानका विषयमा हुने कुराकानीले जीउधनको सुरक्षा गर्न सकिने उनको तर्क छ ।

नागरिक वैज्ञानिकहरूद्धारा सम्प्रेषित सूचनाका कारण यसपटकको मनसुनमा विपदबाट समयमै सुरक्षित रहन, पहिरोमा परेकाको उद्धार गर्न सहज भएको नगरपालिकाले जनाएको छ । पहिरोको उच्च जोखिममा रहेको पालिकालाई विपद् व्यवस्थापनयुक्त बनाउन नागरिक वैज्ञानिक अभियान निकै प्रभावकारी देखिएकाले यसलाई निरन्तरता दिँदै छिमेकी पालिकाहरुमा पनि विस्तार गर्नुपर्ने नगरपालिकाका वरिष्ठ इन्जिनीयर सुरेश राउतले बताए ।

विपत्का घटनाको सूचना र वर्षामापनका लागि प्रविधिमा प्रशिक्षण गराएको विपत पूर्वतयारी थाल्न नगरपालिकाले नागरिक वैज्ञानिकलाई मोबाइल एपमार्फत सूचना सङ्कलन र हरेक दिन वर्षामापन गर्ने प्रविधि दिइएको छ भने उनीहरुले हरेक दिन बिहान एपबाट गाउँको अवस्था, वर्षा मापन, पहिरोको जोखिम भएको क्षेत्रको तस्बिरसहितको सूचना नगरपालिकामा अपडेट गराउने गरेका छन् । साधारण प्रविधि र तालिम प्रदान गरी स्थानीयस्तरमै नागरिक वैज्ञानिक तयार गर्दा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न सकिने भीमेश्वर नगरपालिकाबाट प्राप्त अनुभवका आधारमा यसवर्ष मनाङ र लमजुङका दुई पालिकामा पनि नागरिक वैज्ञानिक कार्यक्रम सञ्चालन गरिएको गौतमले जानकारी दिए ।

एस४डब्लुका डा सन्जीव न्यौपानेले स्थानीयस्तरबाटै प्राप्त मौसमी सूचनाका आधारमा मौसम पूर्वानुमान गरिने हुँदा यसलाई अझ भरपर्दो र व्यवस्थित गराउन सकिएमा प्राकृतिक विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिने बताउनुभयो । विपद् व्यवस्थापनमा नागरिक वैज्ञानिक कार्यक्रमको निकै प्रभावकारी रहेकाले यस्ता सफल अभ्यासहरुलाई सबै पालिकाहरुमा विस्तार गर्नुपर्नेमा जोड दिए ।

मनसुनको समयमा हुने भारी वर्षाले वर्षेनी पहाडी भेगमा पहिरोको प्रकोप हुने गरेको छ भने नदीको बहाव बढाउँदै उत्तरी हिमाल र शिवालेक क्षेत्रबाट माटो र गेग्रान बगाउँदै बाढी, पहिरोको विपद् निम्त्याउने गरेको छ । यस्ता प्रकोपहरुको निगरानीका लागि पर्याप्त मात्रामा वर्षामापत केन्द्रहरुको आवश्यकता पर्दछ । नेपालको भूवनोट र सूक्ष्म जलवायुका कारण हाल सञ्चालनमा आएका केन्द्रहरु पर्याप्त छैनन् । नगरपालिकाभित्रका विभिन्न वडामा वर्षाको भिन्नताको विश्लेषण गर्दै सो वर्षाको कारण निम्तिएका घटनाहरुको अभिलेख राख्न पनि मद्दत पुगेको छ । त्यसैगरी मौसमविद्हरुले प्राप्त तथ्याङ्कहरुको आधारमा विश्लेषण गरी मौसमको समग्र अध्ययन गर्न सक्नेछन् । नागरिक र विज्ञानलाई संयोजन गरिएको यस परियोजनाको कार्यान्वयनबाट जोखिम सुसूचित समाज निर्माणमा सहयोग पुग्ने देखिन्छ । रासस



# 'फेसबुकिया नेता' देखेर दिक्क लाग्छः प्रमुख सिंह




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले फेसबुकिया नेताहरु देखेर दिक्क लाग्ने गरेको बताएका छन् । वीरगंजमा शनिबार आयोजित सानो पाईला संस्थाको १८ औं स्थापना दिवस तथा छैठौं साधरणसभालाई सम्बोधन गर्दै मेयर सिंहले आजको युवा पुस्तामा नकरात्मकताको सोच हाबी भएको र जायज नाजाय सबै कुण्ठा फेसुबकमै पोख्ने गरेको बताए । यसले समाजलाई सही बाटोमा नलग्ने भन्दै मेयर सिंहले राजनीतिक नेतृत्वको स्वस्थ्य आलोचना गर्नु पर्छ, तर आँफूले चाहेको वा आफनो स्वार्थको हितमा भएन भने फेसबुकमा अरुलाई गाली गरेर कुण्ठा पोख्नु गलत भएको बताए । अरुलाई अर्ति उपदेश दिन निक्कै सहज हुने तर त्यहि कुरा आँफुमा लागू गर्न गाह्रो हुने गरेको भन्दै मेयर सिंहले अरुलाई अर्ति उपदेश दिनुभन्दा पहिले त्यहि कुरा पहिले आँफैमा लागू गरेर अरुलाई अर्ति उपदेश दिदाँ राम्रो हुने बताए । राजनीति वा देशको नेतृत्व कसैलेपनि विरासतमा नपाउने भन्दै उनले त्यसका लागि लगनशील र धैर्य भएर जनताको विश्वास जित्नुपर्ने आवश्यकमा जोड दिए । वीरगंजलाई 'वैभव वीरगंज' बनाउने आफनो अभियानमा साथ दिन उनले वीरगंजका युवा पुस्तालाई आह्वान पनि गरे । सानो पाईलाका अध्यक्ष सुदिप कुमार तामाङ लामाको अध्यक्षता तथा वीरगंजका मेयर सिंहको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सखुवा प्रसौनी गाँउपालिकाका अध्यक्ष यशवन्त यादव, सानो पाइलाका संस्थापक कञ्चन झा, वीरगंज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव राजपाल लगायतकाको सहभागिता रहेको थियो ।

यसैबीच भारतको अयोध्यास्थित राममन्दिरबाट आएको टोलीले वीरगंजको घडिअर्वा स्थित राममन्दिरको अवलोकन गरेको छ । टोलीले राममन्दिरको विभिन्न पक्षका बारेमा जानकारी लिएको थियो । सो क्रममा वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले टोलीलाई राम मन्दिरको बस्तु स्थितिका बारेमा जानकारी गराएका थिए ।

# बिआरआई सम्झौता स्वाधीनतामा हस्तक्षेपको संकेत भएको अभियानको जिकिर



**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय एकता अभियानले प्रधानमन्त्री केपी शर्मा ओलीले चीन भ्रमणका क्रममा बेल्ट एन्ड रोड इनिसिएटिभ सम्झौता (बिआरआई) अन्तर्गतको फ्रेमवर्क सम्झौतामा हस्ताक्षर गरेर नेपाललाई सम्भावित ऋणको जालोमा फसाउने खतरा बढाएको र त्यो नेपालका लागि दीर्घकालीन आर्थिक संकट र स्वाधीनतामा हस्तक्षेपको संकेत हुनसक्ने बताएको छ । अभियानका अध्यक्ष विनय यादवले एक विज्ञप्ति जारी गर्दै बिआरआई सम्झौतालाई 'भ्रमणको सबैभन्दा विवादास्पद पक्ष' भनेका छन् । चीन भ्रमणले नेपाल–चीन सम्बन्धलाई सुदृढ बनाउने अपेक्षा गरिएकोमा उल्टै भ्रमणको परिणामले नेपालको दीर्घकालीन स्वाधीनता, आर्थिक स्वावलम्बन र कूटनीतिक प्राथमिकताहरूमाथि गम्भीर चुनौती खडा गरेको पनि अध्यक्ष यादवको कथन छ । 'बिआरआई परियोजनामा नेपालले बिना विस्तृत अध्ययन र बहस सहभागी हुने निर्णय गरेको देखिन्छ । श्रीलंका र माल्दिभ्स जस्ता देशहरूले यस्ता परियोजनाका कारण ठूलो आर्थिक संकट झेलिसकेका उदाहरण नेपालका लागि चेतावनी हुनुपर्छ', अभियानले भनेको छ । संसदमा छलफल नगरी र पारदर्शिताविना समझौतामा हस्ताक्षर गरिएकाले नेपालको आर्थिक र राजनीतिक भविष्यलाई संकटतर्फ धकेल्न सक्ने उल्लेख गर्दै अध्यक्ष यादवको विज्ञप्तिमा भनिएको छ, 'यसप्रकारको हस्ताक्षरलाई राष्ट्रघातको रूपमा लिइनुपर्ने भन्दै आलोचना भइरहेको छ ।' भ्रमणका क्रममा प्रधानमन्त्रीले चीनसँगको सीमा विवादबारे कुनै चर्चा नगर्नु गम्भीर कूटनीतिक असफलता भएको अभियानको ठहर छ । रसुवागढी क्षेत्रलगायतका विवादित भूभागहरूमा चीनको अतिक्रमणबारे स्पष्ट रूपमा आवाज नउठाइएको र भारतसँगका सीमा विवादमा स्पष्ट अडान लिने सरकार चीनसँग भने मौन देखिएकाले नेपालको सीमा सुरक्षा र भू–राजनीतिक स्वाधीनतामा सरकारको प्रतिबद्धताप्रति गम्भीर प्रश्न खडा भएको अभियानले जनाएको छ । 'चीनसँग पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि लिएको उच्च ब्याजदरको ऋणलाई अनुदानमा रुपान्तरण गर्ने विषय भ्रमणको प्राथमिकतामा हुनुपर्ने थियो । तर, प्रधानमन्त्रीले यो विषयमा कुनै पहल नगर्नु नेपालको वित्तीय हितविपरीत देखिन्छ । ऋणको भारले देशको आर्थिक स्थायित्वलाई खतरामा पार्नसक्ने स्थिति आउनसक्ने चिन्ता व्यक्त भइरहेको छ', अभियानको विज्ञप्तिमा उल्लेख छ ।
नेपालको आर्थिक विकासका लागि महत्त्वपूर्ण हुन सक्ने व्यापारिक नाकाहरू पुनः सञ्चालन र सिगत्से–केरुङ–काठमाडौं रेलवे परियोजनाको ठोस कार्ययोजना अघि बढाउन पनि प्रधानमन्त्रीको भ्रमण असफल भएकाले भ्रमण औपचारिकतामा मात्र सीमित भएको अभियानको जिकिर छ । प्रधानमन्त्री ओलीले चीनसँग गरिएका सम्झौताहरूलाई गोप्य राख्दै संसद र जनतालाई जानकारी नदिएकोले पारदर्शितामा गम्भीर प्रश्न उठेको, राष्ट्रिय हित र स्वाधीनतालाई प्राथमिकतामा राख्नुपर्ने अवस्थामा सरकारले स्पष्ट रणनीति र पारदर्शिता देखाउन नसकेको अभियानले जनाएको छ । विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रिय एकता अभियान सरकारलाई बिआरआई सम्झौताका सबै विवरण सार्वजनिक गर्न, चीनसँग सीमा विवादमा स्पष्ट पहल गर्न र पोखरा विमानस्थलको ऋणलाई अनुदानमा रुपान्तरण गर्न दबाब दिन आह्वान गर्दछ । साथै, राष्ट्रिय हित र स्वाधीनतामा आँच आउने कुनै पनि सम्झौताबाट सरकारलाई तत्काल पछि हट्न अनुरोध गर्दछ ।' नेपालको स्वाधीनता, आर्थिक स्थायित्व, र कूटनीतिक सन्तुलन जस्ता संवेदनशील मुद्दाहरूमा सरकारको निष्क्रियताले देशको भविष्यलाई खतरामा पारेको यो अवस्थामा, नागरिक समाज, संसद, र जिम्मेवार निकायहरूले कडा कदम चाल्नुपर्ने तथा सरकारका हरेक निर्णय राष्ट्रिय हितको रक्षा गर्ने दीर्घकालीन दृष्टिकोणमा आधारित हुनुपर्ने पनि अभियानको धारणा छ ।

# भारतीय 'रिपु राज ब्राण्ड' चामल उद्योगमा आयकरको छापा



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतीय सहर रक्सौल, मोतिहारी, पटना र दिल्लीमा चामल उत्पादनमा चर्चित 'रिपु राज ब्राण्ड' चामल उद्योगमा भारतको आयकर विभागले छापा मारेको छ । करिब ४० ओटा सवारी साधनसहितको टोलीले अचम्मको शैलीमा छापा मार्दै उद्योगको लेखा जोखा जाँच गरेको छ । आयकर विभागको टोली जनतीको ब्यानर झुण्ड्याएर उद्योग परिसरमा प्रवेश गरेको थियो ।
यो अनौठो शैलीले सबैलाई चकित पारेको छ । छापा मार्ने कार्य उद्योगले छोटो समयमा अत्यधिक सम्पत्ति आर्जन गरे पनि कर तिर्ने प्रक्रिया पूरा नगरेको आशंकामा गरिएको हो ।
आयकर विभागले उद्योगको वित्तीय अभिलेख र सम्पत्तिको स्रोतमाथि गहन अनुसन्धान थालेको छ । प्रारम्भिक अध्ययनका क्रममा उद्योगले ठूलो मात्रामा कर छलेको हुनसक्ने अनुमान गरिएको छ । यस घटनाले स्थानीय उद्योगी तथा व्यवसायीहरूमाझ त्रास र चासो दुवै सिर्जना गरेको छ । सरकारको कडा कदमले कर सम्बन्धी नियम पालना गर्न दबाब सिर्जना गरेको बताइन्छ । उद्योग क्षेत्रमा करसम्बन्धी अनुशासनलाई थप कडा बनाउन यसले सकारात्मक प्रभाव पार्ने आशा गरिएको छ । आयकर विभागले अनुसन्धानपछि थप विवरण सार्वजनिक गर्ने बताएको छ ।

# ब्लड बैंकको मोबाइल एप सञ्चालन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित रक्त सञ्चार केन्द्र(ब्लड बैंक)ले सफ्टवेयर जडान गरी मोबाइल एप सञ्चालनमा ल्याएको छ । सञ्चार प्रविधिको बढ्दो प्रयोगसँगै रक्त सञ्चार सेवालाई पनि अत्याधुनिक, व्यवस्थित, पारदर्शी तथा डिजिटलाइज गर्न ब्लड बैंकमा सफ्टवेयर र मोबाईल एप सञ्चालनमा ल्याइएको हो ।
नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाले सञ्चालन गरेको ब्लड बैंकमा सञ्चालनमा ल्याइएको सफ्टवेयर र मोबाइल एपको उद्घाटन गर्दै रेडक्रस सोसाईटी पर्साका सभापति वीरेन्द्र राज कँडेलले सफ्टवेयर र मोबाईल एपले रक्त सञ्चार र रक्तदान अभियानलाई थप प्रभावकारी बनाउन सहयोग गर्ने विश्वास व्यक्त गरे । वीरगंजमा रगतको सहजताका लागि करिब ४ देखि ५ सय भन्दा बढी संघसंस्थाहरुले खेलेको भुमिका र नियमित रुपमा रक्त संकलन गरी महत्वपुर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण संघसंस्थाहरुलाई धन्यवाद दिँदै उनले सफ्टवेयर तथा मोबाइल एपबाट सहज ढंगले रगत व्यवस्थापनमा मदत पुग्ने बताए । ब्लड बैंक अन्र्तगत रक्त संचार सेवालाई अत्याधुनिक तथा प्रविधि मैत्री बनाउने उदेश्यले ब्लड बैंकमा सफ्टवेयर तथा मोबाइल एप सञ्चालन गरिएको उनले बताए ।
रक्त सञ्चार केन्द्रका प्राविधिक प्रमुख सौरभराज पाण्डेका अनुसार, रक्त सञ्चार सफ्टवेयर अन्तरगत सम्पूर्ण डाटावेश, रक्तदान गरेका व्यक्तिलाई धन्यवाद, जन्मदिनमा शुभकामना सहित एसएमएस नोटिफिकेसन, स्वचालित बिलिङ सिस्टम र बिल प्रिन्ट गर्न मिल्ने छ । यस्तै व्यक्तिगत युजर तथा पासवर्ड, ल्याब रिपोर्ट, डोनर कार्ड, डोनर सर्टिफिकेट तथा नगद भौचर ईमेलमार्फत पठाउन मिल्ने, डोनर सर्टिफिकेट प्रिन्ट गर्न मिल्ने, रगत एक्सपाइरी सिस्टम, अनलाईन एक्सेस, निरीक्षण र नियन्त्रण हुने, मोबाइल एप मार्फत रक्तदाताहरुले आफनो मोबाइलमा व्यक्तिगत विवरण हेर्न, डोनर कार्ड र सम्बन्धित पालिका अन्तर्गत रहेका रक्तदाताहरुको नाम, सम्पर्क नम्बर उपलब्ध गराइने पाण्डेले जानकारी दिए ।

# वीरगंजका दुवै भन्सार कार्यालयको सेवा थप दुई घण्टा विस्तार




**मधेशदृष्टि**
**वीरगंज ।**
भन्सार जाँचपासको प्रक्रियालाई सहज बनाउन दैनिक थप दुई घण्टा वीरगंजका दुवै भन्सार कार्यालयको सेवा विस्तार गर्ने भएका छन् ।
पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अध्यक्षतामा बसेको व्यापार सहजीकरण समितिको बैठकले आगामी पौष १ गतेदेखि वीरगंज भन्सारमा वस्तु तथा सामानको जाँचपाँस र यात्रुको जाँचपासका लागि थप दुई घण्टा सेवा विस्तार गर्ने निर्णय गरेको हो । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले थप दुई घण्टा विस्तारित समयमा बैंक, क्वारेन्टाइनलगायत सबै सेवा थप हुने जानकारी दिए ।
वीरगंज भन्सार कार्यालय मातहत एकीकृत जाँचचौकी र सिर्सियास्थित सुख्खाबन्दरगाह भन्सार कार्यालय छन् । वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले भन्सारको सेवा थप भएसँगै भन्सार जाँचपास गर्ने व्यापारी तथा व्यवसायीलाई सहज हुने बताए ।

# मन्त्री क्षेत्रीद्वारा कृषि ज्ञान केन्द्रको निरीक्षण




**मधेशदृष्टि**
**सिरहा ।**
मधेश प्रदेश सरकारका कृषि तथा भूमि सुधार मन्त्री जनार्दन सिंह क्षेत्रीले सिरहास्थित कृषि ज्ञान केन्द्रको निरीक्षण तथा अनुगमन गरेका छन् । शनिबार कार्यालय निरीक्षणका अवसरमा मन्त्री क्षेत्रीले कार्यालयले अघिल्लो आर्थिक वर्षमा सम्पन्न गरेका मुख्य उपलब्धी र चालु आर्थिक वर्षको योजना तथा कार्यक्रमहरुको बारेमा जानकारी पनि लिएका थिए । कृषिमन्त्री क्षेत्रीले कृषि क्रान्तिको लागि प्राविधिमा जोड दिँदै मधेश सरकारले काम गरिरहेको बताए । उनले मधेश प्रदेशमा कृषि विद्युतिकरणको कार्यपनि अगाडि बढिसकेको जानकारी गराए । अनुगमनमा मन्त्री क्षेत्रीसँगै मन्त्रालयका सचिव विनय कर्णलगायतको सहभागिता रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन